- बालबालिकाको संरक्षण र विकासमा ध्यान दिऔं ।
- बालबालिकामाथि हुने हिंसाको उजूरी प्रहरीमा गरौं ।
- बालबालिका बेचबिखन र तस्करी नियन्त्रण गरौं ।
- बालबालिकालाई परिवारिक वातावरणमा हुर्कने अवसर दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख २१ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 04 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४३

## पोखरिया नपाले करोडौंको योजना लुकाएको आरोप
## योजना शाखा प्रमुख पाण्डेको भूमिका शङ्कास्पद

प्रस, वीरगंज, २० वैशाख/

पोखरिया नगरपालिका कार्यालय योजना शाखामा कार्यरत कर्मचारीहरूले करोडौंको योजना लुकाई गोप्य सूचना प्रकाशित गरेको भन्दै निर्माण व्यवसायी सङ्घ, पर्साले आपत्ति जनाएको छ ।

योजना शाखाका प्रमुख सञ्जय पाण्डेले पर्सा जिल्लामा नआउने केन्द्रीय पत्रिका र मोफसलका अन्य जिल्लाका पत्रिकामा गोप्य टेन्डर प्रकाशित गरेर अनियमितता गर्न खोजेको निर्माण व्यवसायीहरूले आरोप लगाएका छन् ।

गोप्यरूपमा प्रकाशित सूचना प्राप्तिका लागि निर्माण व्यवसायी सङ्घले निवेदन दर्ता गराएको एक महीना बितिसकेको छ तर सूचना उपलब्ध नगराएको सहसचिव सञ्जय पटेलले बताए । नपाले सूचना नदिएकोविरुद्ध जिल्ला प्रशासन कार्यालय, पर्सामा उजूरी दिएको उनले बताए ।

गोप्य सूचनाको समयावधि सकिरहेको र सूचना दिने कार्यमा ढिलासुस्ती गरिएको उनले बताए । सम्बन्धित ठाउँमा उजूरी गर्दा पनि समयमा सूचना पाउने वातावरण बन्न नसकेको उनले गुनासो गरेका छन् ।

नपा कर्मचारी स्रोत अनुसार कार्यालयमा देखिएको विवाद तथा कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत टिकाउ नहुनुको फाइदा योजना प्रमुख पाण्डेले उठाउँदै आएका हुन् । उनले विभिन्न मितिमा गोप्य तरीकाबाट टेन्डर प्रकाशित गर्दै आएको बुझिएको छ ।

बजेट पुस्तिका अनुसार धेरै योजनाहरू उनले कमिशनको आधारमा



पोखरिया नगरपालिका । तस्वीरः फाइल

अमानत र उपभोक्ता समितिमार्फत गराउँदै आएका छन् । उनकै मौखिक आदेशमा अमानत र उपभोक्ता समितिका काम हुने गरेको नपा स्रोतले जनाएको छ। यस्ता कामहरू पूरा भएको तर अमानत र उपभोक्ता समितिका मानिसले रकम भुक्तानी नपाएको अवस्था छ ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा भुक्तानी रोकिएको थाहा हुन आएको छ। यहाँ आउने प्रमुख प्रशासकीय अधिकृतहरूले यसरी गलत तरीकाबाट गरिएका कामको भुक्तानी नगर्दा सरुवा गराउने गरिएको एकथरीको आरोप छ। भुक्तानी गर्ने वातावरण प्रमुख प्रशासकीय अधिकृतलाई ल्याउने चलखेलका लागि पनि भइरहेको हो ।

अहिले नगरप्रमुख प्रद्युम्न चौहानसँगै योजना शाखा प्रमुख पाण्डे पनि आफ्नू अनुकूलको प्रमुख प्रशासकीय अधिकृत बहाल गराउने प्रयासमा हाल काठमाडौंमा रहेको बताइएको छ । यद्यपि उनी पोखरिया नपा कार्यालय र कर्मचारीको सम्पर्कमा छैनन् ।

मन्त्रालयले भने प्रमुख प्रशासकीय अधिकृत पठाउँदा टिक्न नदिने, असहयोग गर्ने र राजनीतिक दाउपेंचबाट सरुवा लिएर फर्कन बाध्य पार्ने गरेको आरोप लगाएको छ। पछिल्लो समय मन्त्रालयले धर्मानन्द जोशीलाई २०७९ माघमा पोखरिया नपाको प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाएको थियो। उनलाई डेढ महीनामैं कार्यालय छाड्नुपर्ने अवस्था सिर्जना गरियो ।

एकथरी जनप्रतिनिधिहरूले नगरसभाबाटै अजय श्रीवास्तवलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी तोकेको थियो र उनी स्वास्थ्य विभागबाट पोखरिया नपामा आएका थिए। उनी आएको डेढ महीनामा मन्त्रालयले जोशीलाई पठाएको थियो । श्रीवास्तव अधिकृत तहका र जोशी उपसचिव तहका कर्मचारी हुन् । मन्त्रालयले महानगरमा सहसचिव, उपमहानगर/नगरपालिकामा उपसचिव र गाउँपालिकामा शाखा अधिकृत तहको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिने निर्णय यस अघि गरेको थियो ।

### यी सूचनाहरू लुकाएका हुन्

पोखरियामा योजना शाखाले गरेको गोप्य टेन्डरहरूमध्ये स्रोतका अनुसार रु १५ लाखको ग्याँस चुल्हो खरीद, वडा नं १ मा रु ४० लाख लागतमा पक्की नाला निर्माण, पोखरिया सिंचाइ कार्यालयदेखि नपाको गेटसम्म रु २५ लाख लागतमा कालोपत्र निर्माण, वडा नं ६ मा रु ४० लाख लागतमा स्वास्थ्य चौकी भवन निर्माण, वडा नं ५ मा रु १५ लाख लागतको ग्याँस, चुल्हो खरीद, रु २० लाख लागतको रोडलाइट टावर जडान, वडा नं ६ श्रीसियामा रु २५ लाख लागतमा विद्यालय भवन निर्माण, बालिकाहरूका लागि रु १५ लाखको सेनेटरी पैड खरीद, बजारटोलमा रु एक करोड लागतको सेड निर्माणलगायत योजनाहरू रहेको बताइएको छ ।

## धोबिनीमा तालाबन्दी, कर्मचारीलाई मस्ती/सेवाग्राहीलाई सास्ती

प्रस, वीरगंज, २० वैशाख/

नेपाली काङ्ग्रेसका निर्वाचित वडाध्यक्ष तथा उपाध्यक्षले धोबिनी गाउँपालिकाको काम कारबाईप्रति असन्तुष्टि जनाउँदै गरेको तालाबन्दी आज १२ दिन पुगेको छ ।



धोबिनी गापामा तालाबन्दी गरिएको दृश्य । तस्वीरः फाइल

तालाबन्दीको कारण सेवाग्राहीलाई सास्ती भएको छ भने कर्मचारीहरू मस्तीमा छन् । कार्यालयमा तालाबन्दी भएको भन्दै उनीहरू पर्साको सदरमुकाममा बसेका छन् । गापाबाट पाउने सेवा सुविधाहरू अवरोध भएपछि स्थानीयवासीहरू मारमा परेका छन् ।

स्थानीयले कार्यालयमा नामको तालाबन्दी भएको तथा गापाबाट दिने सेवाबाहेक विकासका सबै काम धमाधम भइरहेको बताएका छन् ।

तालाबन्दी गर्ने पक्षधरहरू वीरगंजस्थित प्रमुख प्रशासकीय अधिकृतको कोठामा पुगेर भुक्तानी लिने, ठेक्का लगाउने, सामानहरू खरीद गर्ने कार्य भइरहेको स्रोतले जनाएको छ ।

कार्यालय खुलेको दिन आलोपालो कर्मचारीहरू आउँछन्, तालाबन्दीको बहाना बनाई कर्मचारीहरू घर बस्दा राष्ट्रिय परिचयपत्रको प्रमाणित, बिरामीहरूको सिफारिशलगायत कार्य प्रभावित भएको छ ।

### तालाबन्दी खोलाउन मध्यस्थकर्ताको खोजी

धोबिनी गापामा भएको तालाबन्दी अहिले दुई दलको प्रतिष्ठाको विषय बनेको छ । उपाध्यक्षले कार्यालयमा तालाबन्दी गरेको तर अध्यक्ष मदन चौहानले यो विषयमा कुनै चियोचासो राखेका छैनन् । गापा अध्यक्षको मौनताले तालाबन्दी गर्ने पक्षलाई अहिले घाँडो भएको छ ।

आफैंले लगाएको ताला खोल्ने पक्षमा गापा उपाध्यक्ष देखिए पनि यसको सहज अवतरणको लागि उनी प्रतीक्षारत छिन् ।

अहिले ताला खोल्ने विषयमा सहजकर्ताको खोजी भइरहेको छ । अध्यक्ष, उपाध्यक्षबीच संवाद हुने हो भने आजै ताला खोलिने स्रोतले जनाएको छ । यस विषयमा गाउँका अगुवाहरू पनि अहिले मौन धारण गरेर बसेका छन् । आफैं योजना बनाउने र चित्त नबुझेपछि गापा कार्यालयमा तालाबन्दी गर्ने गरेको कारण अगुवाहरूले पनि चासो नलिएका हुन् ।

## प्रेस स्वतन्त्रता दिवसमा प्रभातफेरी, सञ्चार सम्मेलन

प्रस, रौतहट, २० वैशाख/

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासङ्घ रौतहटले चन्द्रनिगाहपुरमा प्रभातफेरी आयोजना गर्‍यो ।




तस्वीरः प्रतीक

अशोका होटलदेखि निकालिएको प्रभातफेरी नगर परिक्रमा गरेर सोही ठाउँमा समापन भएको थियो । प्रभातफेरीमा नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष तारानाथ दाहाल, वर्तमान सचिव दीपेन्द्र चौहान, मधेस प्रदेशका अध्यक्ष राजेश कर्ण, महासचिव श्याम बन्जारा, शाखा अध्यक्ष प्रेमचन्द्र झालगायतको सहभागिता थियो ।

यसैगरी नेपाल पत्रकार महासङ्घ, मधेस प्रदेश शाखाले विश्व प्रेस स्वतन्त्रता दिवस चन्द्रपुरमा कार्यक्रमको आयोजना गरी मनाएको छ । मधेस प्रदेशका सबै जिल्ला शाखाहरूको सहभागिता गराएर चन्द्रनिगाहपुरमा मधेस प्रदेश सञ्चार सम्मेलन भएको थियो। राजेश कर्णको अध्यक्षतामा भएको सम्मेलनमा महासङ्घ मधेस प्रदेश शाखाले बाराका पत्रकार प्रतीक दैनिकका विशेष संवाददाता गम्भीरा सहनीलगायत मधेस प्रदेशका आठजना पत्रकारलाई सम्मानित गरेको थियो ।

पर्साका लालबाबु शेख, रौतहटका शिव पुरी, सर्लाहीका शङ्कर श्रेष्ठ, धनुषाका विश्वमणि खनाल, सिराहाका दिनेश्वर गुप्ता, सप्तरीका दयाशङ्कर र नेपमहासङ्घका सचिव दीपेन्द्र चौहान तथा

(बाँकी अन्तिम पातामा)

## नगर प्रमुखले दुर्व्यवहार गरेका हुन्, उजूरी गर्दिनँ-नापी प्रमुख
## दुर्व्यवहार गरेको छैन, त्यसका साक्षी छन्- नगर प्रमुख

प्रस, वीरगंज, २० वैशाख/

मेन्टेनेन्स नापी कार्यालय पर्साका प्रमुख नारायण श्रेष्ठले आफूलाई वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले दुर्व्यवहार गरेको र उनका मानिसहरूले कुटपिट गरेको आरोप लगाएका छन् ।

दिउँसो ४ बजे नगरप्रमुखसहितको टोली कार्यकक्षमा आएको र कठालो समाएर गाडीमा हाली जिल्ला प्रशासन लगेको बताए । उनले नगर प्रमुखले अपशब्द प्रयोग गरेको र जिल्ला प्रशासनको गेट अगाडि उनका मानिसहरूले 'घुस्याहा हाकिम, पैसा माग्छस् भनेर' हातपात गरेको बताए ।

घटनापछि नगरप्रमुखले प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीको कक्षमा लगेको र त्यहाँ सहमति कायम गरी आफूलाई छाडिएको बताए ।

उनले आजै बिहान नगरप्रमुखले बोलाएको र ९ बजेको उनको कार्यकक्षमा भेटेको बताए । नगर विकास समितिले प्लटिङ्ग गरेको ३५ वर्ष अघिको श्रीसिया टाउन प्लानिङ्गको जग्गा आफू आएपछि नापजाँच शुरू गरेर छुट्याउने काम भइरहेको र ७० प्रतिशत काम सकाएको नापी प्रमुख श्रेष्ठले बताए ।

यसै विषयमा नगरप्रमुखले काम छिटो सकाउन दबाब दिएको र वर्षाको कारण काम रोकिएको जानकारी गराएको उनले बताए ।

नगरप्रमुखले गरेको दुर्व्यवहारविरुद्ध आफू प्रहरी प्रशासनमा नजाने उनले बताए ।

नगरप्रमुख राजेशमान सिंहले भने ६ महीनादेखि काम अडकाएर राखेकोले नापी प्रमुख श्रेष्ठलाई प्रमुख जिल्ला अधिकारी समक्ष ससम्मान प्रस्तुत गरेको बताएका छन् । उनले दुर्व्यवहारको कुनै घटना नभएको र त्यसका साक्षी प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल र इन्जिनीयर सञ्जय खेतान रहेको बताए ।

आफूले दुर्व्यवहार गरेको भए प्रमुख जिल्ला अधिकारीले सहेर नबस्ने भन्दै उनले नापी अधिकृतले गल्ती गरेकै कारण लिखित सहमति गरेको र सात दिनभित्र नापीको काम गर्ने प्रतिबद्धता जाहेर गरेको बताए ।

## शिक्षक कुर्मी स्वास्थ्य लाभ गरेर घर फर्किए

दिनेश मिश्र, वीरगंज, २० वैशाख/

धोबिनी गाउँपालिका-१ निवासी शिक्षक रामाधारराउत कुर्मीले स्वास्थ्य उपचार गराई घर फर्केका छन् ।

उनी अस्वस्थ भएको प्रतीक दैनिकमा समाचार प्रकाशित भएपछि प्रधानमन्त्रीको सचिवालयले जिल्ला प्रशासन कार्यालय, पर्सामा फोन गरी कुर्मीको स्वास्थ्य र आर्थिक अवस्थाबारे जानकारी लिएको थियो ।



गापा अध्यक्षले शिक्षक कुर्मीलाई आर्थिक सहयोग गर्दै । तस्वीरः प्रतीक

यसैगरी मधेस प्रदेश राज्यमन्त्री रहवर अन्सारी, समाजसेवी सल्लाउद्दिन अहमद तथा सरीफ गद्दीलगायत कुर्मीको घरमा पुगेर कुर्मीलाई गण्डक अस्पतालमा निश्शुल्क उपचार गराउन आग्रह गरेका थिए। शिक्षक कुर्मीको गण्डक अस्पतालले निश्शुल्क औषधि र उपचार गरेपछि मङ्गलवार उनी घर फर्केका छन् ।

धोबिनी गाउँपालिका अध्यक्ष मदन चौहानले शिक्षक कुर्मीलाई फलफूल खरीद गर्न नगद रू चार हजार सहयोग गरेका छन् ।

५० वर्षदेखि ७० जना बालबालिकालाई साताको शनिवार आधा किलो चामल र एक रूपैयाँ शुल्क लिएर पढाउँदै आएका छन् । उनी बिरामी भएको समाचार प्रतीक दैनिकमा प्रकाशित भएको र अध्यापनमा समस्या देखिएको कुरा प्रकाशमा आएपछि सरोकारवालाले चासो राख्दै उनको स्वास्थ्य उपचार गराएर पुरानै अवस्थामा अध्यापन गराउने व्यवस्थापन गर्न शुरू गरेका छन् ।

## विचारसार एवं सूक्तिहरू

**तपाईं धेरै मित्र चाहनुहुन्छ भने स्वभावलाई आकर्षक बनाउनुस् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## श्रमिक दिवस

**अन्तर्राष्ट्रिय श्रमिक दिवस नमनाए मजदूर आन्दोलनको इतिहासलाई बिर्सिए जस्तो हुन्छ, मनाउँदा श्रमिक, मजदूरको विद्यमान समस्यामा मजाक गरेजस्तो छ। मजदूर हकहितका लागि सङ्घर्ष गर्ने घोषणा गरेका पार्टीपिच्छेका श्रमिक सङ्गठनहरू मजदूरका समस्यामा संवेदनशील देखिंदैनन् । खासगरी मजदूरका हकहितको नाममा खोलिएका सङ्गठनहरू आमरूपमा मजदूरको समस्या 'बार्गेनिङ' को रूपमा उपयोग गर्ने तथा अर्थोपार्जन र पद प्राप्त गर्ने भऱ्याङको रूपमा प्रयोग गर्दैछन्। सरकारले नै तोकेको न्यूनतम ज्याला, समान काममा समान ज्याला, समयमैं पारिश्रमिक पाउनुपर्ने जस्ता आधारभूत कुराबाट समेत अधिकांश नेपाली श्रमिक, मजदूर वञ्चित छन् । नेपाल सरकारले श्रमिक मजदूर हितका लागि नयाँ युगको शुरूआत भन्दै सामाजिक सुरक्षा पनि ल्यायो। यसले मजदूर हितको पक्षमा खासै काम गर्न नसकेको गुनासो छ। यसमा पनि कतिपय कुराहरू लिखितममा सीमित रहँदा व्यावहारमा आउन सकेको छैन। यो अवस्थामा मजदूर दिवसलाई आन्दोलनका रूपमा भन्दा पनि कानूनी तथा अधिकार सुनिश्चितताका लागि जोड दिने दिनको रूपमा स्थापित गर्नेतर्फ लाग्नु जरूरी छ।**

**मे १, अन्तर्राष्ट्रिय मजदूर तथा श्रमिकका लागि महत्त्वपूर्ण दिन हो। यो दिन श्रमिकका लागि एक उत्सव नै हो। तर पनि श्रम क्षेत्रका समस्या समाचार बनेर नियमित सञ्चरमाध्यमहरूमा आइरहेका छन्। यसले ट्रेड युनियनको औचित्य र भूमिकामाथि प्रश्नचिह्न खडा गरेको छ। प्रजातान्त्रिकहरू मे दिवस खुला र उल्लासमय दिनका रूपमा मनाइन्छ। नेपालमा पनि पेशागत महासङ्घ नेपालको मागबमोजिम मे दिवसका दिन २०६४ देखि सार्वजनिक क्षेत्रमा पनि बिदा दिन थालिएको हो। मे दिवसका दिन श्रमिकले भोगिरहेका समस्या उजागर गर्ने, थप अधिकारका लागि अगाडि बढ्ने, श्रमिक वर्गबीच शुभकामना आदान-प्रदान गर्ने र श्रमिकको सङ्गठित प्रयत्नबाट नयाँ कार्यको थालनी गर्न प्रतिबद्धता व्यक्त गरिन्छ। अन्तर्राष्ट्रिय मजदूर दिवसको पृष्ठभूमि लामो सङ्घर्ष, बलिदान र गौरवमय इतिहासले भरिपूर्ण छ। पूँजीपतिद्वारा मजदूरलाई चौबीसै घण्टा काममा लगाउने र अत्यन्तै न्यून पारिश्रमिक दिई अमानवीय व्यवहार गर्ने परिपाटीविरुद्ध सङ्गठितरूपमा लड्न ट्रेड युनियन स्थापना भएको थियो।**

**मे दिवस तथा श्रमिकलाई श्रमिक वर्गको 'एकता, वीरता र सङ्घर्षको' प्रतीकका रूपमा मनाइने परम्परा अनुसार हाम्रो मुलुकका श्रमिकले मे दिवसका अवसरमा राजनीतिक अधिकार एवं पेशागत अधिकारका माग राख्दै आन्दोलनमा सहभागी भएर लोकतान्त्रिक आन्दोलनलाई सहयोग पुऱ्याएका छन्। मुलुकमा लोकतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरूमा ट्रेड युनियन आन्दोलनको भूमिका हटाइदिने हो भने इतिहास अधूरो हुन्छ। राणाशाही विरोधी आन्दोलनमा २००३ मा विराटनगरका मजदूरहरूले आन्दोलन शुरू गरेर महत्त्वपूर्ण भूमिका निर्वाह गरेकै कारण २००७ मा प्रजातन्त्र स्थापना भयो। ३० वर्षे पञ्चायती व्यवस्था फयाँक्न पेशागत श्रमिक [redacted] रह्यो। त्यसैगरी राजा ज्ञानेन्द्रको [redacted] अग्रिम मोर्चामा थियो। त्यही [redacted] राजनीतिको धुरी चढेकाहरू मजदूर [redacted] गर्न झुल्कन्छन्। तर मजदूरको [redacted] परिवर्तन आउन सकेको छैन।**

# बुद्धले जब गौतमी र यशोधरालाई धर्म-दीक्षा दिए

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**यसरी बौद्ध सङ्घमा स्त्रीहरूको पहिलो प्रवेश भएको थियो। आफ्नै आमा र पत्नीलाई सिद्धार्थ बुद्धले आफ्नो सङ्घमा प्रवेश गराउँदा पनि अनेक परीक्षा लिएका थिए। जीवनभर बौद्ध भिक्षु सङ्घको नियममा अनवरत महाप्रजापति गौतमी र यशोधरा पनि चले।**

सिद्धार्थ गौतमको जन्म मायावतीको कोखबाट भएको थियो र उनको सम्पूर्ण पालनपोषण प्रजापतिबाट भएको थियो। प्रजापति गौतमी उनको पूरा नाम थियो र मायावतीको देहान्तपछि राजा शुद्धोधनले गौतमीलाई नै महाप्रजापतिको पद दिएका थिए। महाप्रजापति भनेको महारानी भन्नुसरह हो। करीब १६ वर्षको उमेरमा सिद्धार्थ गौतमको विवाह यशोधरासित भएको थियो र करीब २९ वर्षको उमेरमा सिद्धार्थ गौतमले गृहत्याग गरेका थिए। गृहत्यागको तयारी मनोवैज्ञानिकरूपमा भइसकेको अवस्थामा राहुलको जन्म भएको थियो। सम्भवत: सिद्धार्थ नै यस्ता पिता थिए जो छोरा जन्मिंदा पनि खासै खुशी देखिएनन्। छोराको जन्मलाई बन्धनको रूपमा लिए र त्यही बन्धनको अर्थ दिने राहुल नामकरण हुन पुगेको थियो छोराको। दृढ निश्चयी स्वभावका सिद्धार्थ गौतमले रोहिणी नदीको पानीको कारण दुई देशबीच युद्ध हुने सम्भावना रोक्न आफ्नो वचन अनुसार राज्यत्याग गर्ने निधो गरेका थिए। गृहत्यागको तत्कालीन कारण चाहिं रोहिणी नदीको पानीको विषयलाई लिएर शाक्यसभामा भएको विवाद नै हो। सिद्धार्थको गृहत्याग एक किसिमले शाक्यसभाको निर्णयविरुद्ध विद्रोह नै थियो। अनेक किसिमको कठिन तपस्याहरूको प्रयोग गर्दै सिद्धार्थले सिद्धि प्राप्त गरी भगवान् बुद्धको रूपमा ख्याति कमाएर आफ्नो पूर्व वाचा अनुसार कपिलवस्तु फर्के।

सिद्धार्थ बुद्धलाई हेर्न तथा उनको प्रवचन सुन्न धेरै मानिस उत्सुक हुन्थे। जीवनबाट वाक्कदिक्क भइसकेकाहरूदेखि जीवनप्रति धेरै उत्सुकहरू पनि सिद्धार्थ बुद्धबाट दीक्षित हुन चाहन्थे। बुद्धको सङ्घमा सम्मिलित हुन चाहन्थे। लामो समयदेखि राजकाजमा रहेकी महाप्रजापति गौतमी पनि मनमनै भगवान् बुद्धको शरणमा गएर भिक्षुणी बन्न चाहिरहेकी थिइन् तर त्यति बेलासम्म स्त्रीलाई भिक्षु सङ्घको सदस्यता दिने चलन चलिसकेको थिएन। सिद्धार्थ बुद्धले अनुमति वा स्वीकृति प्रदान गरेका थिएनन्। शाक्य स्त्रीहरूमा सङ्घ प्रविष्टिको उत्सुकता थियो। तथागत शाक्यहरूका न्याग्रोधाममा बसेको बेला महाप्रजापति गौतमीले उनको दर्शन गरी समीप गएर भनिन्- भगवन्! स्त्रीहरू पनि तथागतको धर्म-विनय अनुरूप प्रव्रजित भएर सङ्घमा प्रविष्ट हुने अनुज्ञा पाए बेस हुने थियो।

सिद्धार्थ बुद्धको अनुहार धपक्क बलेको थियो। अनुहारमा गज्जबको आभा थियो। महाप्रजापति गौतमीले कुनै उत्तर पाइनन्। लाग्यो सिद्धार्थ बुद्धले सुनेनन् तर त्यस्तो थिएन। महाप्रजापति गौतमीले दुई तीनपटक आफ्नो प्रार्थना दोहोऱ्याइन्। सिद्धार्थ ध्यानमैं थिए। आखिर गौतमी आमा थिइन्। र सिद्धार्थ गौतम सबै किसिमको औपचारिक बन्धन र नाताबाट माथि उठिसकेका थिए। अब उनी सिद्धार्थ गौतमबाट सिद्धार्थ बुद्ध भइसकेका थिए। उनको वाणीप्रति सबैमा विश्वास पलाइसकेको थियो। उनलाई धेरैले भगवान् पनि भन्न थालिसकेका थिए। सिद्धार्थ बुद्धले भने- गौतमी ! भैगो, यस्तो विचार मनमा उत्पन्न हुन नदेऊ।

गौतमी ज्यादै चिन्तित र दु:खी भइन्। तथागतसमक्ष शिर झुकाएर गहभरि आँसु पारी रूँदै त्यहाँबाट फर्किन्। तथागत न्याग्रोधारामबाट चारिकाको लागि प्रस्थान गरेपछि महाप्रजापति गौतमी र अन्य शाक्य स्त्रीहरू, सङ्घमा प्रविष्ट हुन तथागतबाट आफ्ना प्रार्थनाविपरीत अस्वीकृति पाएर अब के गर्ने हो भनी आपसमा विचार विमर्श गर्न थाले। तथागतको यस इन्कारलाई 'अन्तिम निर्णय' नमान्ने र कुनै न कुनै तरीकाले उनलाई मनाउने कुरामा शाक्त स्त्रीहरू सहमत भए। उनीहरू स्वयं 'परिव्राजिका' भएर तथागत सम्मुख उपस्थित हुने निर्णय गरे। महाप्रजापति गौतमी अन्य स्त्रीहरूसँग वैशालीको कुटागार भवनमा गइन्। त्यसबेला तिनका खुट्टा सुन्निएका थिए, धूलो लागेको थियो। तथागत न्याग्रोधाराममा बसेको बेला जुन आग्रह गरेकी थिइन्, त्यही प्रार्थना पुन: सिद्धार्थ बुद्धसामु दोहोऱ्याइन्। पहिलेजस्तै सिद्धार्थ बुद्धले गौतमीको प्रार्थना अस्वीकार गरे। दोस्रोपटक पनि प्रार्थना अस्वीकृत भएपछि प्रजापति गौतमी ज्यादै खिन्न र किंकर्तव्यविमूढ भएर कुटागारको ढोकाबाहिर उभिइरहिन्। यसरी उभिएको प्रजापतिलाई कुटागारतिर जाँदा आनन्दले देख्नासाथ चिने र महाप्रजापति गौतमीसित सोधे -"तपाईंको खुट्टामा धूलो लागेको छ, खुट्टा सुन्निएका छन्। तपाईं यहाँ पटाङ्गिनीमा यसरी किन उभिनु भएकी ? अनुहार दु:खी छ। आँखाबाट किन आँसु बगिरहेको छ ?"

"आनन्द ! तथागतले स्त्रीहरूलाई गृह त्यागेर उनको धर्म र विनय अनुसार प्रव्रजित हुने आज्ञा दिनुहुन्न।" प्रजापतिको बोलीमा पीडा थियो। आनन्दले सुने मात्र, केही जवाफ दिएनन् वा दिन सही मानेनन्। त्यसपछि आनन्द स्थविर तथागत बसेको ठाउँमा गई अभिवादन गरेर एकातिर बसे। यसरी बसेपछि केही बेरमा आनन्दले तथागतसँग निवेदन गरे -"भगवन् ! महाप्रजापति गौतमी पटाङ्गिनीमा उभिरहनु भएको छ। उनका खुट्टाहरू सुन्निएका छन्, धूलो लागेको छ। अनुहार दु:खी छ। आँखाबाट आँसु बगिरहेको छ। तथागतबाट स्त्रीहरूलाई घर त्यागेर विनय र धर्ममा प्रव्रजित हुने आज्ञा दिनुहुन्न भनेर दु:खी हुनुहुन्छ। भगवन्! प्रजापति गौतमीका अनुसार स्त्रीहरूले पनि प्रव्रजित हुने आज्ञा पाए बेस हुने थियो।

"के महाप्रजापति गौतमीले तथागतको विशेष सेवा गर्नुभएन ? सानीआमाको हैसियतले तथागतकी आमाको शरीरान्तपछि उहाँले आफ्नै स्तनपान गराउनुभएको थियो। भगवन् ! स्त्रीहरूलाई पनि तथागतको धर्म र विनय अनुसार प्रव्रजित हुने अनुज्ञा पाए बेस हुने थियो।"

"भैगो आनन्द ! छाडिदेऊ। स्त्रीहरूले प्रव्रजित हुने अनुज्ञा पाएको तिमीले मन पराउने छैनौ।" दुई तीनपटक आनन्दले प्रार्थना दोहोऱ्याउँदा पनि सिद्धार्थ बुद्धबाट आनन्दको प्रार्थना अस्वीकृत भयो। त्यसपछि आनन्द स्थविरले तथागतसित प्रश्न गरे- तपाईंबाट स्त्रीहरूलाई प्रव्रजित हुन नदिनाको कारण के हुन सक्छ ? ब्राह्मणहरूलाई सङ्घमा प्रविष्ट गराएजस्तै, शूद्रहरूलाई सङ्घमा प्रविष्ट गराएझैं स्त्रीहरूलाई पनि गराउनुपर्छ। भगवन्! स्त्रीहरूसित मात्र यस्तो भेदभाव गर्नाको कारण के हुन सक्छ ? तथागतको धर्म र विनयमा लागेर स्त्रीहरूले निर्वाण प्राप्त गर्न सक्दैनन् कि ?"

तथाथतले भने-"आनन्द ! मलाई गलत नसम्झ। पुरुषजत्तिकै स्त्रीहरूले पनि निर्वाण प्राप्त गर्न सक्छन् भन्ने मेरो मत छ। आनन्द ! मलाई गलत नसम्झ। म लिङ्गभेदको पक्षपाती होइन। महाप्रजापति गौतमीको प्रार्थना मैले स्वीकार गरिनँ, त्यसको अर्थ स्त्रीहरूलाई पुरुषको तुलनामा हेय सम्झेको होइन। केवल व्यावहारिक कारण मात्र हो ?"

"भगवन ! तपाईंबाट मलाई यथार्थ कारण प्रकट भएकोमा म कृतज्ञ छु तर त्यस्तो कुन व्यावहारिक कारणले महाप्रजापति गौतमीको प्रार्थना सर्वथा अस्वीकृत हुन पुग्यो। यस्तो गर्दा मानिसहरूले धर्मको निन्दा नगर्लान् ? के मानिसहरूले तथागतको धर्म विनयमा पुरुषभन्दा स्त्रीहरूलाई अपहेलना गरिंदो रहेछ भन्ने धारणा नराख्लान् ? जुन व्यावहारिक कठिनाइलाई लिएर तथागत चिन्तित हुनुहुन्छ, के त्यसबाट बच्न भिन्दै नियमहरू अपनाउन सकिन्न ?"

"ठीक छ आनन्द ! यदि महाप्रजापतिको यत्रो आग्रह छ र मेरो धर्म-विनयमा प्रव्रजित हुने तीव्र इच्छा छ भने म यो कुरा स्वीकार गर्दछु तर यस निम्ति महाप्रजापति गौतमीले स्त्रीहरूका तर्फबाट त्यसलाई पालन गराउनुपर्ने जिम्मेवारी लिनुपर्नेछ। यही महाप्रजापतिको दीक्षा हुनेछ।" अनि स्त्रीहरूका सम्बन्धमा सिद्धार्थ बुद्धबाट आनन्दलाई आठ नियम जानकारी प्राप्त भयो। आनन्दले पनि सबै कुरा महाप्रजापतिलाई सुनाए। महाप्रजापति गौतमीले भनिन्- "आनन्द ! जसरी अलङ्कारप्रिय युवक वा युवतीले स्नानपश्चात् कमल वा चमेलीको फूल वा मोतीको माला दुवै हातमा लिएर शिरमा धारण गर्दछन्, त्यस्तै प्रकारले म पनि यी आठवटै नियमहरू जीवनभर पालिन गर्न शिरोधारण गर्दछु।" अनि आनन्द स्थविर तथागत बसेको ठाउँमा फर्केर आए तथा अभिवादन गरी एकातिर बसे। आनन्दले तथागतलाई भने- "महाप्रजापति गौतमीले आठवटै नियमहरू पालन गराउने र गर्ने जिम्मेवारी लिनुभयो। त्यसकारण अब यसलाई नै उहाँले उपसम्पदा लिएको मानौं।" महाप्रजापति गौतमीले प्रव्रज्या र उपसम्पदा ग्रहण गर्नुभयो, साथसाथै उनीसँग आएका पाँच सय शाक्य-स्त्रीहरूले पनि तिनकै अनुसरण गरे। यसरी प्रव्रजित-उपसम्पन्न प्रजापति गौतमीले तथागतको अगाडि उपस्थित भएर अभिवादन गरिन्। तथागतले पनि उनलाई धर्म र विनयको शिक्षा दिए। बाँकी पाँच सय भिक्षुणीहरूलाई अर्कै एकजना शिष्य नन्दले धर्म र विनयको शिक्षा प्रदान गरे। महाप्रजापति गौतमीसँग भिक्षुणी हुने शाक्य स्त्रीहरूमध्ये यशोधरा पनि थिइन्। भिक्षुणी भएपछि उनको नाम भद्रा कच्चना अर्थात् भद्रा कात्यायना राखिएको थियो।

यसरी बौद्ध सङ्घमा स्त्रीहरूको पहिलो प्रवेश भएको थियो। आफ्नै आमा र पत्नीलाई सिद्धार्थ बुद्धले आफ्नो सङ्घमा प्रवेश गराउँदा पनि अनेक परीक्षा लिएका थिए। जीवनभर बौद्ध भिक्षु सङ्घको नियममा अनवरत महाप्रजापति गौतमी र यशोधरा पनि चले।

# कोभिडपछि पुरानो अवस्थामा फर्कनसकेन छापा पत्रकारिता

काठमाडौं, २० वैशाख/रासस

कोभिड-१९ को सङ्क्रमणपछि पत्रकारिताको छापामाध्यम पुरानो अवस्थामा फर्कन सकेको छैन।

कोरोना भाइरसले छापा पत्रकारितालाई अस्तव्यस्त बनाएको बताउँछन् नेपाली छापा माध्यम राष्ट्रिय सञ्जालका अध्यक्ष देवप्रकाश त्रिपाठी। कोरोना महामारीका बेला पत्रिकाको छपाइ र वितरणमा असर गऱ्यो। अनलाइन सञ्चार माध्यम विस्तार हुनु कोरोनाकै 'बाइ प्रोडक्ट' भएको उनको तर्क छ।

कोरोनाले छापा पत्रकारितामा पारेको असरका विषयमा उक्त सञ्जालले अध्ययन गरेको थियो। कोरोनाकै कारण सहजरूपमा पत्रिका छापिएर वितरण हुन नसकेकोले सामाजिक सञ्जालमा समाचारका सामग्री आउने क्रम पनि बढ्यो। कोरोनापछि केही अनलाइनले राज्यको नियमनमैं रहेर पनि पत्रकारिता गरिरहेका छन्।

कोरोनाका बेला पत्रिका छापिएर वितरण हुन नसक्दा पत्रकार एवं कामदारले समयमा तलब पाउन सकेनन्। कोरोनापछि अर्थ व्यवस्था पनि बिग्रिएकोले पत्रिकाले विज्ञापन पाउन सकेन।

राज्यले पनि तुलनात्मकरूपमा बढी जिम्मेवार भएर पत्रकारिता गरिरहेको छापामाध्यमलाई पुरानो अवस्थामा फर्काउन काम गरेको अनुभूति नभएको अध्यक्ष त्रिपाठी बताउँछन्।

पत्रकारिताले राजनीतिक क्षेत्रका प्रश्न पनि उठाउने भएकोले राज्यका तर्फबाट त्यस्तो प्रयास हुन नसकेको उनको भनाइ छ। "पत्रकारिताको विश्वसनीयता घट्दा राजनीति गर्ने र भ्रष्टाचार गर्नेलाई तुलनात्मकरूपमा सजिलो हुने भएकोले यस्तो भएको हो, पत्रकारिताको विश्वसनीयता रहिरह्यो भने सुशासन र राजनीतिक स्थिरता कायम हुन सक्छ"- पत्रकार त्रिपाठी भन्छन्।

कोरोनाले साना छापा माध्यमलाई त अझ बढी असर पारेको छ। लोकतान्त्रिक छापा माध्यम सञ्जालका अध्यक्ष दामोदरप्रसाद दवाडी थोरै लगानीका छापा माध्यमको अवस्था कोरोनापछि झनै खराब बन्न पुगेकोले कोरोनापछि तिनको पेज र सङ्ख्या दुवै घटेको बताउँछन्।

केही छापा कोरोनापछि अनलाइन संस्करणमा गए पनि केही भने बन्द र केही घिटीघिटीको अवस्थामा रहेका छन्। कोरोनापछि छापामाध्यममा ५५ प्रतिशतसम्मले गिरावट आएको उनको भनाइ छ। पहिले पत्रिकामैं आउने समाचार कोरोनापछि अनलाइनमा आउन थालेका छन्।

कोरोनापछि पत्रिका र त्यसमा काम गर्ने पत्रकारको अवस्था दयनीय बन्न पुगेको प्रेस काउन्सिल नेपालका प्रवक्ता दीपक खनाल बताउँछन्। आर्थिक सङ्कटका कारण सञ्चार गृहले समयमैं तलब दिन सकेनन्। तलब नपाएपछि पत्रकार पनि अन्यत्रै लाग्न थाले। विसं २०७६ चैत ११ गतेदेखि कोरोना महामारीकै कारण देशभर बन्दाबन्दी (लकडाउन) गरियो। पत्रकारितालालाई अत्यावश्यक पेशाका रूपमा सञ्चालन हुन दिने भनिए पनि व्यावहारिकरूपमा त्यति सहज थिएन। विसं २०७६ फागुन २२ गतेदेखि नै काउन्सिलले पत्रकारलाई संयमित भएर काममा लाग्न आह्वान गरेको थियो।

नेपाल पत्रकार महासङ्घसँगको सहमतिमा काउन्सिलले बन्दाबन्दीको अघिल्लो दिन अर्थात् २०७६ चैत १० गते कोरोनासम्बन्धी विशेष निर्देशिका जारी गरेको थियो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# प्रतिव्यक्ति आय एक हजार तीन सय ९९ डलर

काठमाडौं, २० वैशाख/रासस

नेपालको प्रतिव्यक्ति आय अमेरिकी डलर १,३९९ अर्थात् रु १,८२,६८३ बराबर पुगेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले मङ्गलवार सार्वजनिक गरेको आर्थिक वर्ष २०७९–८० को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कसम्बन्धी विवरणानुसार प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलर १,३९९ र प्रतिव्यक्ति कुल राष्ट्रिय उत्पादन अमेरिकी डलर १,४१० बराबर देखिएको हो।

यस वर्ष नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर उपभोक्ता मूल्यमा १.८५ प्रतिशत र आधारभूत मूल्यमा २.१३ प्रतिशत बराबर रहने अनुमान गरिएको छ। तथ्याङ्क कार्यालयका अनुसार चालू आवमा नेपालको जिडिपीको आकार आधारभूत मूल्यमा रु ४६ खर्ब ९६ अर्ब ४९ करोड र उपभोक्ता मूल्यमा रु ५३ खर्ब ८१ अर्ब ३४ करोड बराबर पुग्ने अनुमान गरिएको छ।


तस्वीरः फाइल

जिडिपी अनुपातमा नेपालको कुल स्थिर पूँजी निर्माण (ग्रस फिक्स्ड क्यापिटल फर्मेशन) २५.२१ प्रतिशत अर्थात् रु १३ खर्ब ५६ अर्ब ४६ करोड बराबर पुग्ने प्रक्षेपण गरिएको छ। त्यस्तै अन्तिम उपभोग खर्च (फाइनल कन्जम्प्शन एक्सेन्डिचर) जिडिपी अनुपातको ९३.५९ प्रतिशत बराबर रहने अनुमान गरिएको छ। त्यो रु ५० खर्ब ३६ अर्ब १५ करोड बराबर हो।

जिडिपी अनुपातमा नेपालको वस्तु तथा सेवा निर्यातको हिस्सा ७.१५ प्रतिशत बराबर छ।

यसवर्ष रु तीन खर्ब ८५ अर्ब ११ करोड बराबरको वस्तु तथा सेवा निर्यात गरिने अनुमान गरिएको छ।
जिडिपी अनुपातमा वस्तु तथा सेवाको आयात भने ३६.५ प्रतिशत बराबर छ। नेपालले यस वर्ष रु १९ खर्ब ६४ अर्ब ३३ करोड बराबर आयात गर्ने ठानिएको छ।

त्यसैगरी चालू मूल्यमा राष्ट्रिय बचत (ग्रस नेशनल सेभिङ) कुल गार्हस्थ्य उत्पादनको ३१.६६ प्रतिशत बराबर छ। त्यस्तै जिडिपीमा विप्रेषणको अनुपात २२.८९ प्रतिशत बराबर हुने ठानिएको छ।

चालू आवको जिडिपीमा सबैभन्दा बढी हिस्सा कृषि क्षेत्रको रहने अनुमान गरिएको छ। गत आवमा कृषि क्षेत्रले जिडिपीमा २४.६७ प्रतिशत बराबर हिस्सा ओगटेकोमा यस वर्ष त्यो घटेर २४.१२ प्रतिशत बराबर हुने प्रक्षेपण गरिएको छ।

तथ्याङ्क कार्यालयले चालू आवको पछिल्लो नौ महीनाको तथ्याङ्क विश्लेषण गरेर वार्षिक अनुमान सार्वजनिक गरेको हो।

# नेप्से निरन्तर घट्दो, कारोवार खुम्चियो

काठमाडौं, २० वैशाख/रासस

घट्दो क्रममा रहेको शेयर बजारले आज पनि निरन्तरता पाएको छ। यो सातामा कारोबारको तेस्रो दिन पनि नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक रातो देखिएको हो। नेप्से परिसूचक आज ९.१८ अङ्कले घटेर १८५७.२३ अङ्कमा कायम भएको हो। नेप्सेका अनुसार २६५ वटा कम्पनीको २१ लाख ५५ हजार पाँच सय ८६ कित्ता शेयर १८ हजार आठ सय ७६ पटक खरीद बिक्री हुँदा कारोबार रकम रु ६२ करोड दुई लाख ६६ हजारमा खुम्चिएको छ।

उत्पादन तथा प्रशोधन समूह ०.५६ र म्युचुअल फन्ड ०.०३ अङ्कले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै जीवन बीमा समूह ५९.६९ र होटल तथा पर्यटन समूह ५२.६० अङ्कले घटेको छ।

त्यसैगरी बैंकिङ समूह १.९८, विकास बैंक समूह ८.०१, वित्त समूह १२.२९, जलविद्युत समूह २९.२३ र लगानी समूह ०.०९ अङ्कले घटेको छ। लघुवित्त समूह २१.४१, निर्जीवन बीमा समूह १४.५९, व्यापार समूह ३.६६ र अन्य समूह १४.५२ अङ्कले घटेको छ।

आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै ६.०९ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा एनआइबिएल ग्रोथ फन्डको




शेयर मूल्य ५.३५ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम सिमेन्ट लिमिटेडको रु तीन करोड पाँच लाख तीन हजार चार सय ९८ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर लिमिटेडको एक लाख १४ हजार पाँच सय ९२ कित्ता शेयर किनबेच भएको छ।

# पसलमा मूल्यसूची राख्न प्रजिअको निर्देशन

प्रस, रौतहट, २० वैशाख/

जिल्ला प्रशासन कार्यालय, रौतहटले सूचना जारी गरी सबै बिक्रेताले बिक्री गर्ने प्रत्येक सामानको मूल्यसूची राख्नुपर्ने निर्देशन गरेको छ।

प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जारी गरेको निर्देशन अनुसार उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २० मा हरेक बिक्रेताले बिक्री गर्ने प्रत्येक वस्तु तथा सेवाको मूल्य स्पष्टरूपमा उल्लेख गरी मूल्यसूची राख्नुपर्ने कानूनी व्यवस्था भए पनि रौतहट जिल्लाका प्रायः पसलले मूल्य सूची राखेका छैनन्। आफूखुशी बढी मूल्यमा सामान बिक्री गर्ने देखिएकोले त्यस्तो नगर्न भनिएको छ।

उनले पसलेहरूले वस्तु तथा सेवाको मूल्यसूची सबैले देख्नेगरी नराखिए प्रचलित कानूनबमोजिम कारबाई हुने जनाएका छन्।

# पौने छ लाख भारुसहित दुईजना पक्राउ


तस्वीर सौजन्यः जिप्रका, पर्सा

प्रस, वीरगंज, २० वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले प्रतिबन्धित पौने छ लाख भारुसहित दुईजनालाई पक्राउ गरेको जनाएको छ। वैशाख १७ गते वीरगंज–१६ रजतजयन्ती चोकबाट प्रहरीले भारतबाट वीरगंजतर्फ पैदल आउँदै गरेका भारत, उत्तरप्रदेश, गोरखपुर ग्राम महुई सुघरपुर बस्ने ४२ वर्षीय विनोदकुमार गुप्तालाई प्रतिबन्धित भारु दुई लाखसहित पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ।

गुप्ताले बोकेको झोलामा भारु ५०० को दरको नोट ३६३ थान, २०० को नोट १३ थान, १०० दरको नोट १४५ थान र ५० दरको नोट २८ थान गरी जम्मा भारु दुई लाख बरामद भएको प्रहरीले जनाएको छ।

यसैगरी वैशाख १८ गते राति ९ बजे वीरगंज–१६ रजतजयन्ती चोकबाट प्रहरीले भारत, बिहार जिल्ला मोतीहारी ग्राम करमवा रघुनाथपुर बस्ने ३९ वर्षीय अमितकुमार सिंहलाई पौने चार लाख भारुसहित पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ।

उनको झोलाबाट भारु दुई हजार दरको नोट २१ थान, ५०० दरको नोट ६४४ थान, २०० दरको नोट ३३ थान, १०० दरको नोट ४५ थान र ५० दरको नोट १४ थान गरी तीन लाख पचहत्तर हजार आठ सय बरामद भएको जिप्रका, पर्साले जनाएको छ।

पक्राउ परेका दुवैजना र बरामद रकम कारबाईको लागि मङ्गलवार राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रहरीले जानकारी दिएको छ।

# हरदासपुर मन्दिरको शिलान्यास


तस्वीरः प्रतीक

नरेश यादव, पर्सागढी, २० वैशाख/

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले वडा नं-४ स्थित हरदासपुर मन्दिर निर्माणका लागि शिलान्यास गरेका छन्।

कार्यक्रममा उनले विकासको कामसँगै धार्मिक कार्य पनि हुनुपर्ने बताए। उनले धर्म नभए मान्छेको मनबाट मानवता पनि हराउने बताए।

वडाध्यक्ष शेख खुर्शीदले रु पाँच लाख बजेटबाट मन्दिर निर्माण हुने जानकारी दिए। कार्यक्रममा वडासदस्य राजकुमार गुरुङ, रूस्तम हवारीलगायतको सहभागिता थियो।

# बालबालिकालाई शैक्षिक सामग्री वितरण


तस्वीरः प्रतीक

प्रस, सेढवा, २० वैशाख/

पर्सागढी नगरपालिका–८ हरपुरको दलितबस्तीमा सञ्चालित निश्शुल्क ट्युशन कक्षाका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको छ।

वीरगंज जेसीजको सहयोगमा सिर्जनात्मक समाज फाउन्डेशन नेपालले तीन सय स्थानीय दलित बालबालिकाहरूलाई कापी, कलम, पेन्सिल, कटर, इरेजर वितरण गरिएको फाउन्डेशनका सचिव बालेश्वर रामले बताएका छन्।

# ४८ किलो गाँजासहित एकजना पक्राउ


तस्वीर सौजन्यः जिप्रका, पर्सा

प्रस, वीरगंज, २० वैशाख/

४८ केजी गाँजासहित एकजनालाई ठोरी गाउँपालिकाबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

ठोरी गापा–५ स्थित बाँसवन नजीकैबाट तीनजना व्यक्ति गाँजा बोकी हिंडिरहेका व्यक्तिले इलाका प्रहरी कार्यालय ठोरीको गश्ती टोलीलाई देखेपछि दुईजना गाँजा छाडेर फरार भएको र एकजना पक्राउ परेको जिप्रका, पर्साले जनाएको छ। पक्राउ पर्नेमा मकवानपुर, मनहरी गाउँपालिका–२ बस्ने ५३ वर्षीय बौद्ध सिंह घलान रहेको र उनको साथबाट ४८ किलो गाँजा बरामद भएको जिप्रका, पर्साले जनाएको छ। घलानविरुद्ध लागू औषधसम्बन्धी कसूरमा मङ्गलवार पर्सा जिल्ला अदालतबाट पाँच दिन म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।



**आगलागी पीडितलाई राहत वितरण**: दलित सरोकार मञ्च नेपालले सप्तरीको कञ्चनरुप नगरपालिका- १ बैरवा पोटरी हटियास्थित मुस्लिम टोलमा भएको आगलागीपीडित परिवारलाई बुधवार राहतमा खाद्यान्न र ब्लैंकेट वितरण गर्दै मञ्चका कार्यकारी निर्देशक भोलाकुमार पासवान लगायत । तस्वीर : रासस

# ट्रक नियन्त्रणमा लिई राजस्व चलान

प्रस, वीरगंज, २० वैशाख/

बिल बिजकभन्दा बढी खुद्रा तथा विभिन्न किसिमका सामान लोड भएको एउटा ट्रक प्रहरीले नियन्त्रणमा लिई मङ्गलवार कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया बारामा बुझाएको जिप्रका, पर्साले जनाएको छ।

वैशाख १८ गते घण्टाघरबाट ना.३ ख ३९५० र ना.७ ख १६३१ नम्बरको ट्रक चेकजाँच गर्ने क्रममा बिलबिजकभन्दा बढी मालवस्तु देखिएपछि कारबाईको राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाएको प्रहरीले जनाएको छ।



# अभिव्यक्ति स्वतन्त्रता संरक्षणमा स्वतन्त्र प्रेसको भूमिका

विश्व प्रेस स्वतन्त्रता दिवस–२०२३



धर्मेन्द्र झा

काठमाडौं, २० वैशाख/रासस

प्रत्येक वर्ष मे ३ का दिन विश्वभर प्रेस स्वतन्त्रता दिवस मनाउने सन्दर्भमा यस वर्ष पनि आज औपचारिकरूपमा विश्वभर विविध कार्यक्रमको आयोजना गरिएका छन् र गरिंदै पनि छन् । अनौपचारिकरूपमा पनि यस दिवसलाई सम्झने क्रममा अनेक कार्यक्रम आयोजना गर्ने गरिएका छन् । नेपालमा पनि यस वर्ष मे १ देखि ४ तारिखसम्म यस दिवससँग सम्बन्धित विविध कार्यक्रम आयोजना गरिंदैछन् ।

नामिबियाको विण्डहक शहरमा सन् १९९१ मा सम्पन्न अफ्रिकाका पत्रकारहरूको सम्मेलनले मे ३ का दिन स्वतन्त्र प्रेसका सम्बन्धमा ‘स्वतन्त्र एवं बहुलतावादी प्रेसका लागि विन्डहक घोषणापत्र’ जारी गरेको दिनलाई युनेस्कोको आग्रहमा संयुक्त राष्ट्रसङ्घको आह्वानमा १९९३ देखि विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा विश्वभर मनाउन थालिएको हो । नेपालमा सरकारी स्तरबाट यो दिवस मनाउने चलन चलेको भने पाइँदैन । तर गैरसरकारी स्तरबाट भने सन् १९९५ देखि यो दिवस मनाइरहिएको छ । यस दिवसका अवसर पारेर सञ्चार र पत्रकारितासँग सम्बन्धित विभिन्न सङ्घसंस्थाले विविध कार्यक्रमको आयोजना गर्ने गरेका छन् र यो क्रम यसपटक पनि जारी छ ।

नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र हो । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को पक्ष राष्ट्र पनि हो नेपाल । यस आधारमा संयुक्त राष्ट्रसङ्घले आह्वान गर्ने अन्य दिवसजस्तै अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवस पनि नेपाल सरकारको प्राथमिकतामा पर्नुपर्ने हो । यस सम्बन्धमा सरकारले पुनर्विचार गर्नु आवश्यक छ ।

विभिन्न कठिनाइ र अवरोधका बीच आफ्नो पेशागत धर्म निर्वाह गरिरहेका विश्वभरका सम्पूर्ण पत्रकारका लागि यो दिनले विशिष्ट महत्त्व राख्दछ । यस दिवसका अवसरमा व्यावसायिक दायित्व निर्वाह गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्ने पत्रकारप्रति श्रद्धाञ्जलि अर्पण गर्नु र तिनलाई स्मरण गर्दै भावी यात्राको प्रतिबद्धता व्यक्त गर्नु सबै सञ्चारकर्मीको दायित्व हो । आजका दिनमा विगतमा प्रेस स्वतन्त्रताका लागि जीवन उत्सर्ग गर्ने अग्रज पत्रकारले हामीबीच छाडेर गएको नासोको संरक्षण र संवर्द्धन गर्ने गुरुत्तर दायित्व हामीमा छ ।

स्वतन्त्र पत्रकारिता लोकतन्त्रको पहिलो आवश्यकता र शर्त दुवै हो । यसको अभावमा लोकतन्त्र छ भनेर कहीं दाबी गरिन्छ भने त्यो फगत दाबीमात्र हुनेछ । यस परिदृश्यमा लोकतन्त्रको यो महत्त्वपूर्ण औजारलाई जोगाइरहने अभिभारा स्वभावैले सञ्चारकर्मीको काँधमा जान्छ । यस्तोमा पत्रकार बलियो नभई पत्रकारिता र लोकतन्त्र बलियो हुन नसक्ने यथार्थ हामी सबैले बुझ्नु जरूरी छ । पत्रकारिता स्वतन्त्र, बलियो र प्रभावकारी नहुँदा लोकतन्त्र पनि सुदृढ हुन सक्दैन । लोकतन्त्रको सुदृढीकरणको अभावमा जनताको मौलिक अधिकार पनि सुरक्षित नहुने निश्चित छ ।

यो दिवस मनाउने सन्दर्भमा युनेस्कोले प्रत्येक वर्ष नारा तय गर्दछ र वर्षभरि नै त्यो नारासँग सम्बन्धित गतिविधि युनेस्को स्वयंले पनि आयोजित गर्दछ र अन्य राज्य तथा नागरिक सङ्घसंस्थालाई पनि बहसमा आधारित गतिविधि सञ्चालन गर्न प्रोत्साहित गर्दछ । फ्रिडम फोरमले गरेको अनुवाद अनुसार युनेस्कोले यस वर्ष २०२३ का लागि ‘अधिकारको आगामी बाटो : अभिव्यक्ति स्वतन्त्रता सबै अधिकारहरूको वाहक’ भन्ने नारा तय गरेको छ । यो विषय अर्थात् नारा स्वयंमा निकै महत्त्वपूर्ण छ । माथि पनि चर्चा गरियो नेपाल मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको पक्ष राष्ट्र हो । यी दुवै दस्तावेज अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितताका दृष्टिले निकै महत्त्वपूर्ण छन् ।

नेपालको संविधान २०७२ प्रेसमैत्री त छ तर यदाकदा तिनको कार्यान्वयनका सन्दर्भमा प्रश्नचिह्न खडा हुने गर्दछ । युनेस्कोको यस वर्षको नाराका आधारमा नेपालको संवैधानिक प्रावधानहरूको परीक्षण गर्ने हो भने असन्तोष मान्नुपर्ने अवस्था छैन । संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएबाट पनि प्रेस स्वतन्त्रताका सन्दर्भमा नेपालको औपचारिक प्रतिबद्धताको मूल्याङ्कन गर्न सकिन्छ ।

संविधानको धारा १७ को (२) को (क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गरिएको छ । यस्तै संविधानको धारा १९ मा सञ्चारको हक सुनिश्चित गरिएको छ । यस धाराको उपधारा (१) मा ‘विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायत जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन’ भन्ने उल्लेख छ । यसैगरी धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ । यस आधारमा हेर्ने हो भने प्रेस अधिकारका दृष्टिले नेपालको संवैधानिक व्यवस्थालाई अत्यन्त सकारात्मक मान्नुपर्ने हुन्छ । तर संविधानले व्यवस्था गरेका प्रवधानहरूका सन्दर्भमा कतिपय कानूनी अल्झो देखिने गरेको छ । कतिपय आवश्यक कानून नै बनेका छैनन् भने कतिपय भएका कानूनमा अलमलको अवस्था अनुभूत गरिएको छ ।

विचार तथा प्रेस र अभिव्यक्ति स्वतन्त्रता एवं सूचनाको हक नागरिक सशक्तीकरणका लागि महत्त्वपूर्ण संवैधानिक आधार हुन् । कुनै पनि मुलुकमा लोकतन्त्र कति बलियो छ भन्ने कुराको मूल्याङ्कन त्यहाँको शासन पद्धतिमा नागरिकको सहभागिता र मिडियाको प्रभावकारिताको आधारमा गर्न सकिन्छ । यस अर्थमा लोकतान्त्रिक मूल्य मान्यताको मापनको यो एक महत्त्वपूर्ण औजार हो । यस पृष्ठभूमिका आधारमा युनेस्कोको नारा नेपालका सन्दर्भमा पनि सान्दर्भिक रहेको पक्षमा दुईमत हुन सक्दैन ।

माथि पनि चर्चा गरिसकियो युनेस्कोको यस वर्षको नारा निकै महत्त्वपूर्ण छ । यसको महत्त्व प्रेस स्वतन्त्रतासम्म मात्र सीमित छैन, बरु यो नाराको महत्त्वको विस्तार प्रत्येक प्रकारको मानव अधिकारको संरक्षण, उपयोग र बहालीसँग जोडिएको छ भन्दा अस्वाभाविक हुँदैन । यस सन्दर्भमा एउटा तथ्य बिर्सन मिल्दैन । त्यो के भने प्रेसलाई मानव अधिकारको पहिलो पङ्क्तिको रक्षक मानिन्छ । यस आधारमा पनि भन्न सकिन्छ कि युनेस्कोको नारा मानव अधिकारको रक्षा र यस सन्दर्भमा प्रेसको भूमिकाका दृष्टिले निकै महत्त्वपूर्ण छ ।

कुनै विमति हुन सक्दैन, अभिव्यक्ति स्वतन्त्रता आमव्यक्तिको मौलिक अधिकार हो । कतिपयले यस अधिकारको कार्यान्वयनमा राज्यको भूमिकाका सन्दर्भमा यस अधिकारलाई नकारात्मक अधिकारको संज्ञा पनि दिने गरेका छन् । जनताले अभिव्यक्ति स्वतन्त्रताको निर्वाध उपयोग गर्ने क्रममा कहिलेकाहीं राज्यले नकारात्मक प्रभावको सामना पनि गर्नुपर्ने हुन सक्छ । तर यति हुँदाहुँदै पनि राज्यले यस अधिकारको संरक्षणका लागि भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । राज्यको यो प्राथमिक दायित्व हो ।

अभिव्यक्ति स्वतन्त्रताको सम्बन्ध आमव्यक्तिले विचार निर्माण गर्न पाउने र प्रकट गर्ने अर्थात् व्यक्त गर्न पाउने कुरासँग छ । यसै सन्दर्भमा विचार निर्माणको मूल आधार सूचनाको प्राप्ति हो भन्ने यथार्थलाई गौण गर्न सकिंदैन । यसरी युनेस्कोको नाराको विश्लेषण गर्ने हो भने यो नाराले सूचनाको प्राप्ति र प्रयोग, विचार निर्माण तथा अभिव्यक्तिको सुनिश्चततालाई एकैपटक सम्बोधन गर्ने प्रयत्न गरेको छ भन्न सकिन्छ । स्मरणीय के छ भने यी सबै कुरा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १९ मा उल्लेख गरिएका छन् र माथि पनि चर्चा गरियो नेपाल यी दुवै दस्तावेजको हस्ताक्षरकर्ता देश हो ।

अभिव्यक्ति स्वतन्त्रताको प्रचलन गर्ने/गराउने सन्दर्भमा प्रेसको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यो किन पनि भने प्रेसलाई विचार अभिव्यक्ति गर्ने स्वतन्त्र र साझा मञ्च वा माध्यम मानिन्छ । प्रेस स्वतन्त्र हुन सकेन भने यसले आमव्यक्तिको विचार अभिव्यक्तिका सन्दर्भमा स्वतन्त्र र साझा मञ्चको हैसियत गुमाउँछ । प्रेसले चाहे जुनसुकै कारणले होस् स्वतन्त्र मञ्चका रूपमा भूमिका निर्वाह गर्न सकेन भने आमव्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको हक कुण्ठित हुने सम्भावनाको विकास हुन्छ ।

अभावग्रस्त प्रेस, डराएको प्रेस, राजनीतिक, व्यावसायिक, आपराधिक वा अन्य कुनै वर्ग समूहको कठपुतली बन्न बाध्य प्रेसले निश्चय पनि आफूलाई स्वतन्त्र र साझा मञ्चको हैसियतमा प्रस्तुत गर्न कठिन हुन्छ । यस अवस्थामा आमव्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको सङ्कुचन हुने निश्चित छ । यस्तोमा व्यक्तिले सार्वजनिकरूपमा आफ्ना धारणा व्यक्त गर्ने सम्भावनाको ढोका बन्द हुन्छ र राज्य तथा व्यक्तिबीच संवाद पनि अन्त्य हुन्छ । यस अवस्थामा व्यक्तिको आवश्यकता र तिनका समस्याबारे राज्यले जानकारी प्राप्त गर्न सक्दैन र राज्य आफूखुशी निर्देशित हुने मार्ग प्रशस्त हुन्छ । निश्चय पनि यो अवस्था भनेको लोकतन्त्रको क्षयीकरणको अवस्था हो ।

राज्यले आफूखुशी गर्ने सम्भावनाको अन्त्यका लागि पनि अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता अपरिहार्य छ । अभिव्यक्ति स्वतन्त्रको हनन् अथवा निर्वाध कार्यान्वयन हुन नसक्ने अवस्थालाई आमव्यक्तिको मुख थुन्ने अवस्थासँग तुलना गर्न सकिन्छ । यस अवस्थामा व्यक्तिले कुनै पनि कुरा भन्न नसक्ने अवस्था सिर्जना हुन्छ । यो अवस्था भनेको उनका कुनै पनि अधिकार कार्यान्वयन हुन नसक्ने अवस्था हो । जब व्यक्तिले आफ्ना विचार वा धारणा नै व्यक्त गर्न सक्दैन भने स्वाभाविकरूपले बुझ्नुपर्छ उसका आवश्यकता सम्बोधन हुन सक्ने अवस्थाको अन्त्य भएको छ वा हुँदैछ र अन्य सबै अधिकार धरापमा पर्ने वातावरण निर्मित हुँदैछ ।

यस्तोमा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध कार्यान्वयनको मुद्दालाई राज्यले आफ्नो प्राथमिकतामा राख्ने हो भने यसको प्रचलनका लागि उपयुक्त वातावरण निर्माण गर्नु जरूरी हुन आउँछ । संवैधानिक र कानूनी प्रावधानको कार्यान्वयन, बहुलवादी समाजको उपस्थितिबारे स्वीकारोक्ति, आवश्यक थप कानून निर्माण, अन्तर्राष्ट्रिय मापदण्डहरूको अनुसरण र सुरक्षाको प्रत्याभूतिले यस दिशामा उपयुक्त वातावरण निर्माण गर्न सघाउँछ । राज्य यसतर्फ गम्भीर हुन सके सकारात्मक परिणाम प्राप्त हुने अपेक्षा गर्न सकिन्छ ।

माथिको विश्लेषणको आधारमा भन्नैपर्ने हुन्छ, अभिव्यक्ति स्वतन्त्रताको निर्वाध कार्यान्वयन नेपालको दायित्व हो । निश्चय पनि यसपटकको नाराका माध्यमबाट संयुक्त राष्ट्रसङ्घ र युनेस्कोले आफ्ना सदस्य राष्ट्रहरूलाई अभिव्यक्ति स्वतन्त्रताको निर्वाध कार्यान्वयनका लागि घच्घच्याउने कार्य गरेको छ ।

विश्व प्रेस स्वतन्त्रता दिवसको यस दिनले नेपाली पत्रकार र सम्बद्ध सरोकारवालालाई आफ्नो कर्तव्यपथमा निष्ठापूर्वक लाग्न अझ बढी प्रेरित गरोस् । यति मात्र होइन, माथि चर्चा गरिएका विषयमा बहस चलाएर एउटा सकारात्मक निष्कर्षमा पुग्नु आवश्यक छ । यो दिनले नेपाली मिडियाकर्मीलाई कुनै पनि पक्षको डर र धम्कीबाट विचलित नभई निर्भिकतापूर्वक कर्तव्य निर्वाहमा जुटिरहन बल प्राप्त होस् र आमव्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको हक सुनिश्चित हुन सकोस् भन्ने कामना ।

(लेखक राससका कार्यकारी अध्यक्ष तथा नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय अध्यक्ष हुन् ।)




विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासङ्घ रौतहट शाखाले चन्द्रनिगाहपुरमा आयोजना गरेको प्रभातफेरीमा सहभागी पत्रकारहरू । तस्वीर: शैलेन्द्र झा

## फरक समाचार

### भारतमा सबैभन्दा कम सम्बन्धविच्छेद

परिवार व्यवस्था र मूल्य बनाइराख्ने देशहरूमध्ये भारत सबैभन्दा शीर्ष स्थानमा छ । भारतमा तलाकको मामिला एक प्रतिशत मात्र छ, जबकि थुप्रै यस्ता



देश छन् जहाँ ९४ प्रतिशतसम्म सम्बन्ध टुटेको छ । वर्ल्ड अफ स्टैटिस्टिक्सको तथ्याङ्क अनुसार एशियाली देशहरूमा सम्बन्धविच्छेदको घटना कम छ, जबकि युरोप र अमेरिकामा परिवार सबैभन्दा बढी छरिएका छन् ।

रिपोर्ट अनुसार भारतपछि भियतनाम दोस्रो नम्बरमा पर्छ । यहाँ सात प्रतिशत मात्र तलाक हुने गर्छ । त्यसपछि ताजिकिस्तानमा १० प्रतिशत, इरानमा १४ प्रतिशत र मेक्सिकोमा १७ प्रतिशत सम्बन्ध विच्छेद हुन्छ ।


सबैभन्दा कम सम्बन्ध विच्छेद हुने देशहरूमा मिश्र, दक्षिण अफ्रिका, ब्रजील, टर्की र कोलम्बिया पनि सामेल छन् । रिपोर्टमा पाकिस्तानलाई सामेल गरिएको छैन । जापानमा ३५ प्रतिशत सम्बन्धविच्छेद हुने गरेको छ । यसको अलावा जर्मनीमा ३८ प्रतिशत र ब्रिटेनमा ४१ प्रतिशत सम्बन्धविच्छेदको घटना हुने गरेको छ । त्यस्तै चीनमा ४४ प्रतिशत, अमेरिकामा ४५ प्रतिशत, डेनमार्क, दक्षिण कोरिया र इटालीमा ४६ प्रतिशत सम्बन्धविच्छेदको घटना हुने गरेको छ ।

सम्बन्ध बनाइराख्न सबैभन्दा पछि युरोप पर्ने गरेको छ । पोर्चुगलमा ९४ प्रतिशतसम्म तलाक हुने गरेको छ । यसको अलावा स्पेनमा ८५ प्रतिशत, लग्जमबर्गमा ७९ प्रतिशत सम्बन्ध विच्छेद हुने गरेको छ । रूसमा ७३ प्रतिशत तलाक हुन्छ भने युक्रेनमा ७० प्रतिशत वैवाहिक सम्बन्धमा चिरा पर्ने गरेको छ ।

समाज वैज्ञानिकका अनुसार भारतमा सम्बन्ध धेरै समयसम्म टिक्नुको कारण सांस्कृतिक पाटो हो, जसमा परिवार व्यवस्था बनाइराख्न जोड दिइन्छ । साथै भारतमा ठूलो सङ्ख्यामा तलाकको मामिला कानूनी प्रक्रियामा आउने गरेको छैन र पति–पत्नी भिन्दाभिन्दै बस्ने गरेका छन् । जसको कारण तथ्याङ्क प्रकाशमा आउँदैन । यद्यपि अन्य देशको तुलनामा भारतमा तलाकको मुद्दा निकै कम छ ।

### डगफ्लु नयाँ चुनौती बन्न सक्ने

कोरोना महामारीपछि अब डगफ्लु मनुष्यको लागि चुनौती उत्पन्न गर्न सक्ने चिनियाँ अध्ययनले जनाएको छ । तथाकथित डगफ्लुले मान्छेलाई सङ्क्रमित गर्न सक्ने बताइएको छ । एच ३ एन २ एभियन इन्फ्लुएन्जा भाइरस (जुन पक्षीमा अत्यन्त सङ्क्रामक र घातक हुन्छ) सन् २००६ मा कुकुरमा पनि देखिएको थियो ।




चीनको कृषि विश्वविद्यालयका वैज्ञानिकद्वारा इलाइफमा प्रकाशित एउटा अध्ययन अनुसार यो मानवजस्ता रिसेप्टरलाई राम्ररी पहिचानको लागि स्थिर भइरहेको र त्यसबाट मानव पनि सङ्क्रमित हुन सक्ने सम्भावना छ । अध्ययनमा भनिएको छ हाम्रो परिणामले देखाउँछ कि कुकुरको इन्फ्लुएन्जा भाइरसको माध्यमबाट मानवमा रूपान्तरण हुनमा मध्यस्थको रूपमा काम गर्न सक्छ । अध्ययनमा चेतावनी दिइएको छ कि जुन कुकुरको प्रतिरक्षा कमजोर छ त्यसबाट यो मानवमा फैलिन सक्छ । पक्षीको आबादीमा बर्डफ्लु तीव्र गतिले फैलिन्छ तर जनावरलाई सफलतापूर्वक सङ्क्रमित गर्ने क्षमताविना, मानवबाट मानवमा सञ्चार हुने चिन्ता अहिलेसम्म अपेक्षाकृत कम छ । जबकि यो मानवको लागि एउटा खतरा हो कि उनीहरू बर्डफ्लुको सम्पर्कमा आउँछन् ।

डगफ्लु एउटा भाइरल रोग हो जुन कुकुरमा फैलिन्छ । यो रोग एक प्रकारको एन्फ्लुएन्जा भाइरस हो, जुन कुकुरसँग उठबस गर्ने र सम्पर्कमा आउने व्यक्तिलाई रोगी बनाउन सक्छ । यस रोगको लक्षण भनेको ज्वरो, खोकी, रूघा, थकान र दुखाइ आदि हुन सक्छ । यो रोग केही दिनदेखि केही हप्तासम्म रहन्छ र उपचारको लागि अस्पताल पनि भर्ना हुनुपर्छ ।

### प्रतिदिन बिहान तीन मिनेट चित्रमा देखाइएको कसरत गर्नुहोस् ।

- पेटको बोसोलाई कम गर्छ,
- पाचनमा सुधार ल्याउँछ,
- काँधमा राम्रो खिंचाव दिन्छ,
- तनावबाट छुटकारा दिलाउँछ,
- पोश्चरलाई सुधार्छ,
- फोक्सोको क्षमता बढाउँछ,
- रक्तसञ्चार बढाउँछ ।




– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारत र शक्तिराष्ट्रसँग सैन्य सम्बन्ध र व्यावहारिक सहयोग राख्न जोड

क्यानबेरा, २० वैशाख/एएनआई

दक्षिण चीन सागरमा चीनको बढ्दो दाबी र विधिमा आधारित व्यवस्था जोखिममा परेको भन्दै अस्ट्रेलियाले भारत र जापानलगायत रणनीतिक हिन्द प्रशान्त क्षेत्रका प्रमुख साझेदारहरूसँग आफ्नो कूटनीतिक र रक्षा साझेदारी अझ सघन बनाउने बताएको छ।

क्यानबेराले गत सोमवार सार्वजनिक गरेको रक्षासम्बन्धी रणनीतिक प्रतिवदेनमा भारतलगायत प्रमुख शक्तिराष्ट्रसँग सैन्य सम्बन्ध र व्यावहारिक सहयोग विस्तार जारी राख्न जोड दिएको हो।

बढ्दो चिनियाँ गतिविधिबाट अस्ट्रेलियाको राष्ट्रिय हितमा प्रतिकूल असर पर्न सक्ने उल्लेख गर्दै प्रतिवेदनमा हिन्द–प्रशान्त क्षेत्रमा प्रमुख शक्तिबीच प्रतिस्पर्धाले अस्ट्रेलियालाई भारतलगायत शक्ति राष्ट्रसँग सहकार्य र साझेदारी गर्न सुझाव दिइएको हो। संयुक्त राज्य अमेरिकाको हिन्द–प्रशान्त क्षेत्रमा एकध्रुवीय नेतृत्व नरहेको र चीन–अमेरिकाबीच तीव्र प्रतिस्पर्धा द्वन्द्वको कारक बन्न सक्ने भएकोले त्यसतर्फ सचेत हुन सुझाइएको छ।

“अस्ट्रेलियाले जापान र भारतलगायत प्रमुख शक्तिहरूसँग आफ्नो सम्बन्ध र व्यावहारिक सहयोग विस्तार गर्न जारी राख्नुपर्छ, क्यानबेराले क्षेत्रीय



एकता र विकासका लागि लगानी गर्न आवश्यक छ”–प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदन अस्ट्रेलियाको रक्षा बलका पूर्व प्रमुख एङ्गस ह्युस्टन र पूर्व रक्षामन्त्री स्टीफन स्मिथले तयार पारेको प्रतिवेदनमा रक्षा र राष्ट्रिय सुरक्षा खर्चमा वृद्धि, राष्ट्रिय खुफियाका तत्त्वहरूको पुनर्गठन र साइबर सुरक्षामा पर्याप्त लगानी गर्न जोड दिइएको छ।

हिन्द–प्रशान्त रणनीतिक ढाँचा अँगाल्ने, क्षेत्रीय रणनीतिक योजनाका साथै बहुपक्षीय, त्रिपक्षीय र द्विपक्षीय साझेदारी विस्तार गर्दै जापान, भारत र संयुक्त राज्य अमेरिकासँग क्वाड साझेदारी अभिवृद्धि हुनुपर्ने प्रतिवेदनको सुझाव छ। प्रतिवेदनले अस्ट्रेलिया र चीनबीच स्थिर सम्बन्ध दुवै देश र बृहत् क्षेत्रको हितमा रहेको बताएको छ।

अस्ट्रेलियाले चीनसँग सहयोग जारी राख्नुपर्ने, असहमति र मतभिन्नतालाई बुद्धिमानीपूर्वक व्यवस्थापन गर्नुपर्ने र राष्ट्रिय हितलाई सर्वोपरि मानेर अघि बढ्नुपर्ने खाँचो प्रतिवेदनमा औंल्याइएको छ। चीनको द्रुततर आर्थिक विकासबाट अस्ट्रेलियासहित हिन्द–प्रशान्त क्षेत्रका धेरै देशलाई फाइदा पुग्ने प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदन सार्वजनिक गर्दै प्रधानमन्त्री एन्थोनी अल्बानीजले आगामी दशकमा अस्ट्रेलियाको रणनीति, रक्षा योजना र स्रोतहरूका लागि खाका तयार गर्न प्रतिवेदन सहयोगी हुने बताए। रासस

## जेल परेकी इरानी महिला पत्रकारलाई प्रेस स्वतन्त्रता पुरस्कार

संयुक्त राष्ट्रसङ्घ, २० वैशाख/एपी

संयुक्त राष्ट्रसङ्घले सत्य र जवाफदेहिताप्रतिको अटुट प्रतिबद्धताका लागि इरानका तीनजना महिला पत्रकारलाई प्रेस स्वतन्त्रता पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ।

मङ्गलवार राति गरिएको घोषणा अनुसार गत सेप्टेम्बरमा २२ वर्षीया महसा अमिनीलाई, शिर राम्ररी नढाकेको अभियोगमा, धार्मिक प्रहरी हिरासतमा लिएपछि भएको उनको मृत्युको खबर सम्प्रेषण गर्ने नीलोफर हमेदी महसाको अन्त्येष्टिको समाचार लेख्ने इलाहे मोहम्मदी हुन्। अमिनीको मृत्युपछि इरानका दर्जनौं शहरमा महीनौंसम्म विरोध प्रदर्शन भएका थिए।

तेस्रो विजेता नरगेस मोहम्मदी हुन्। इरानमा लामो समयदेखि काम गरेकी उनी प्रेस स्वतन्त्रता र मानव अधिकार रक्षाका खातिर वर्षौंदेखि अग्रमोर्चामा रहेर काम गरेकी अग्रणी पत्रकार हुन्। पुरस्कृत पत्रकारहरू कारागारमा छन्।

युनेस्कोका महानिर्देशक अड्रे अजौलेले आक्रमण, धम्की र असुरक्षाबीच पेशाप्रति प्रतिबद्ध भएर लागेका महिला पत्रकारहरू पुरस्कृत भएका बताउँदै उनीहरूलाई इरान सरकारले कारागारमुक्त नगरेसम्म विश्वभरका पत्रकार एवं स्वतन्त्रता पक्षधरहरूले उनीहरूका पक्षमा आवाज बुलन्द गर्न जोड दिएका छन्।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक एवं सांस्कृतिक सङ्गठन (युनेस्को) विश्व प्रेस स्वतन्त्रता पुरस्कार सन् १९८६ को डिसेम्बर १७ मा हत्या गरिएका कोलम्बियाली पत्रकार गुईलेर्मो कानोको नाममा स्थापना गरिएको हो। पत्रकार गुइलेर्मो आफ्नो पत्रिका एल एस्पेक्टाडोरको कार्यालय अगाडि मारिएका थिए। सन् १९८७ देखि हरेक वर्ष मे ३ मा विश्वभर विश्व प्रेस स्वतन्त्रता दिवस मनाइने गरिन्छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – शत्रुपराजय |
| मिथुन – सुसमाचार | कर्कट – भयचिन्ता |
| सिंह – राज्यलाभ | कन्या – अतिथिआगमन |
| तुला – सुयश | वृश्चिक – अलमल |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – राज्यलाभ | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


मधेस सरकार
सामाजिक विकास मन्त्रालय
सामाजिक विकास इकाई, वीरगंज
पर्सा, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०१/२१

यस कार्यालयको आव २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयको तपसिलको ठेक्काको लागि पेश भएका दरभाउपत्रहरूमध्ये तपसिल बमोजिमका दरभाउपत्र सारभूत रूपमा प्रभावग्राही ठहरिई उक्त दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त दरभाउपत्रहरूको कार्यमा सहभागी सबै दरभाउपत्रदाता कम्पनीहरूको लागि ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | दरभाउपत्र प्रकाशन मिति | ठेक्का नं. (IFB No) | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अङ्क (VAT सहित) | कार्यसम्पादन जमानत |
|---|---|---|---|---|---|
| १) | २०७९/१२/२० | SDU/SQ/WORKS/2079/80/07 | New Anand Trade House Pvt. Ltd., Biratnagar-6, Morang | 1127860.12 | 101138.10 |
| २) | २०७९/१२/२० | SDU/SQ/WORKS/2079/80/08 | New Anand Trade House Pvt. Ltd., Biratnagar-6, Morang | 1127860.12 | 101138.10 |


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## बेरूजु बढ्नुको कारणसहित टिप्पणी फाइल पठाउन परिपत्र

काठमाडौं, २० वैशाख/रासस

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै जिल्लाका जिल्ला समन्वय प्रमुख र जिल्ला समन्वय अधिकारीलाई परिपत्र गर्दै सरकारी कार्यालयमा बेरूजु देखिनुको कारणसहित आगामी जेठ १५ गतेसम्म टिप्पणी फाइल पठाउन परिपत्र गरेको छ। बेरूजु फछ्र्योटको कामलाई उच्च प्राथमिकतामा राख्न निर्देशनसहित मन्त्रालयले मङ्गलवार परिपत्र गरेको हो।

“महालेखा परीक्षकको कार्यालयबाट नियमित हुनुपर्ने भनी औंल्याइएको बेरूजुको सम्बन्धमा आवश्यक प्रमाण तथा कागजात जुटाई तथ्यपरक प्रतिक्रिया तयार गरी पुस्ट्याइँसहित सक्कल टिप्पणी फाइल नियमित गर्न जेठ १५ गतेभित्र मन्त्रालयमा उपलब्ध गराउनुहोला”–मन्त्रालयको परिपत्रमा भनिएको छ।

सरकारी कार्यालयको बेरूजु फछ्र्योटको प्रतिशतलाई सम्बन्धित लेखा उत्तरदायी अधिकारी र उक्त कार्यालयमा काम गर्ने कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनका आधारका रूपमा लिइने कानूनी व्यवस्था छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले बेरूजु फछ्र्योटका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन हुने उल्लेख छ।

मन्त्रालयले परिपत्रमार्फत सम्बन्धित लेखा उत्तरदायी अधिकारी र कर्मचारीलाई यो कानूनी व्यवस्थाबारे पनि स्मरण गराएको छ।

बेरूजु फछ्र्योट गर्ने/गराउने कार्यलाई अभियानका रूपमा सञ्चालन गर्न पनि मन्त्रालयले निर्देशन दिएको छ। सरकारी कार्यालयमा रहेको बेरूजु असुलउपर गरी लेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउन पनि परिपत्रमार्फत निर्देशन दिइएको छ।

“महालेखा परीक्षकको कार्यालयबाट असुलउपर गर्नुपर्ने भनी औंल्याइएको बेरूजुको सम्बन्धमा तत्काल असुल उपर गर्न सम्बन्धित कर्मचारी, व्यक्ति, फर्म, संस्था, समूह, समिति वा अन्य निकायमा पत्राचार गरी सूचना पठाउने र असुलउपर गरी लेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुहोला”–परिपत्रमा भनिएको छ–“पेश्की बेरूजुका रूपमा कायम भएको बेरूजुको सम्बन्धमा आवश्यक प्रमाण, कागजात



बिल भरपाई आदि सङ्कलन गरी यथाशीघ्र पेश्की फछ्र्योट गर्ने र महालेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुहोला।”

बीस वर्ष अघिको बेरूजु फछ्र्योट व्यवस्थापनका लागि त्यसको विवरण कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय पठाउन भनिएको छ। “आर्थिक वर्ष २०५९/६० सम्मको पुरानो बेरूजुको हकमा असुल उपर गर्नुपर्ने, सरकारी हानि–नोक्सानी र फछ्र्योट भएको बाहेकको बेरूजु लगत कट्टाका लागि आवश्यक प्रक्रिया पूरा गरी लगत कट्टा गर्ने वा लगत कस्ने प्रयोजनका लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउन अनुरोध छ”–मन्त्रालयको परिपत्रमा भनिएको छ।

## ‘अल्पसङ्ख्यकसँग प्रहरी’ कार्यक्रम लोकप्रिय बन्दै

जलेश्वर, २० वैशाख/रासस

महोत्तरीका गाउँ–गाउँमा पछिल्लो दुई महीनादेखि चलिरहेको ‘अल्पसङ्ख्यकसँग प्रहरी’ कार्यक्रम लोकप्रिय बन्दै गएको छ। वर्षौंदेखि न्याय, कानून, प्रहरी, प्रशासनसम्बन्धी जानकारीको अभावमा विभिन्न समस्या झेल्दै आएका जिल्लाका दलित, जनजाति, सीमान्तकृत र अल्पसङ्ख्यक समुदायको न्यायमा पहुँच बढाउन जिल्ला प्रहरी कार्यालयले अल्पसङ्ख्यकसँग प्रहरी कार्यक्रम शुरू गरेको हो।

यस कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक प्रकाश मल्ल स्वयं प्रहरी टोलीका साथ जिल्लाको दलित तथा अल्पसङ्ख्यक भएको गाउँ बस्ती पुगेर उनीहरूसँग कुराकानी र उनीहरूको सुखदुःख बुझ्न थालेपछि स्थानीय खुलेर प्रहरीसमक्ष आफ्ना समस्या राख्न थालेका छन्।

प्रमुख मल्लले जिल्ला प्रहरी कार्यालयद्वारा अभियानकै रूपमा यस कार्यक्रमको थालनी गरिएको बताए। उनले जिल्ला प्रहरी कार्यालय र मातहतका चौकीका टोली गाउँगाउँ पुगेर कानून, न्याय र अपराधबारे जानकारी नभएका दलित, जनजाति र अन्य सीमान्तकृत अल्पसङ्ख्यक समुदायको कानूनमा पहुँच बढाउन जिल्लाभरि कार्यक्रम शुरू गरिएको बताए। यस कार्यक्रम अन्तर्गत प्रहरीले अल्पसङ्ख्यक समुदायले सुविधा लिंदा भोग्नुपरेको समस्या, गाउँघरमा हुने आपराधिक घटनालगायतबारे सर्वसाधारणलाई जानकारी गराइरहेका छन्।

पुस्ताँदेखि कुनै पनि घटना हुँदा प्रहरी समक्ष पुग्न नसकेर यी समुदाय अपराध सहन गरेर चुपचाप बस्दै आइरहेका थिए। अहिले प्रहरी प्रमुखसहितको टोली गाउँमा पुग्दा यी समुदायका व्यक्तिले भोग्नुपरेका मिटरब्याजको समस्या, छुवाछूतको समस्या, घरेलु हिंसा, महिला हिंसा, मदिरा नियन्त्रण, लागू औषध प्रयोग र मानव बेचबिखनमा रोक, गरीबीका कारण उपचारमा समस्यालगायत सामाजिक हिंसा भडकाउने तथा बढाउने तत्त्वको पहिचान गर्दै यसको न्यूनीकरणमा प्रहरी सक्रिय हुनुपर्ने सुझाव दिएका छन्।

अहिले अल्पसङ्ख्यक समुदायले आफ्ना विभिन्न समस्या प्रहरी समक्ष निर्धक्क पोखिरहेका छन् भने कुन समस्याबाट कसरी जोगिने भनेर प्रहरी प्रमुखको मुखबाटै सुनेर निक्कै हौंसिएको तथा आत्मबल बढेको लोहारपट्टी नगरपालिकाका बासिन्दा लक्ष्मण बैठा बताउँछन्। समाजमा हुने गरेका आपराधिक घटना न्यूनीकरण र हरेक समुदायको न्यायमा पहुँच दिने उद्देश्यका साथ प्रहरीले गाउँ–गाउँमा चलाएको यो अभियान निकै सार्थक रहेको पिपरा गाउँपालिकाकी बासिन्दा सुकेश्वरीदेवीले बताइन्।

त्यसैगरी लोहारपट्टीकै बासिन्दा छेदी पासवान, नागेन्द्र पासवानलगायतले अल्पसङ्ख्यकसँग प्रहरी कार्यक्रममा सरिक भएपछि आफ्ना हक अधिकार तथा पहुँचका लागि आवाज उठाउन सक्षम भएको र अन्यायमा परेका बेला प्रहरी, प्रशासनसम्म पुग्न आँट आएको भन्दै खुशी व्यक्त गरे।

प्रहरी प्रमुख मल्लले यस कार्यक्रमले प्रहरी र नागरिकबीच सहकार्य तथा हातेमालोबाट जिल्लामा अपराध नियन्त्रण तथा शान्ति सुरक्षा कायम हुने विश्वास व्यक्त गरे। जिल्लाका विभिन्न पालिका र बस्तीमा हुने गरेको यस कार्यक्रममा उल्लेख्यरूपमा सर्वसाधारणको उपस्थिति रहने गरेको उनले बताए।

म काम नगरी ...

गरे।

राप्रपाका सांसद एवं प्रवक्ता ज्ञानेन्द्र शाहीले पार्टीभित्र व्यापक शुद्धीकरण आवश्यक रहेको बताए। राप्रपाका नेताका छोराछोरी राप्रपा छन् कि अर्कै दलमा लागेका छन्, यस्ता कुराको पनि छानबीन गरी आवश्यक कारबाही अगाडि बढाए पार्टी सङ्गठन सुदृढ हुँदै जाने विश्वास व्यक्त गरे।

राप्रपा मधेस प्रदेशका अध्यक्ष भरत गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राप्रपा सांसद विणा जैसवाल, प्रदेश सांसद कञ्चन विच्छालगायतले मन्तव्य व्यक्त गरेका थिए।

राप्रपाका नेता विनोद यादव एवं पन्नालाल पटेलले सहजीकरण गरेको कार्यक्रममा राप्रपा पर्साका उपाध्यक्ष जगरनाथ कुर्मी, बाराका अध्यक्ष गिरधारी चौधरी, सर्लाही अध्यक्ष सत्यनारायण यादव, महोत्तरी अध्यक्ष राजेश्वरराय यादवलगायत आठवटै जिल्लाका नेता कार्यकर्ताहरूको सहभागिता रहेको थियो।



घर–घरमा स्वास्थ्य जाँचः तनहुँ जिल्लाको ऋषि गाउँपालिका–२ स्थित ग्वास्लुङ्ग सामुदायिक स्वास्थ्य एकाइका स्वास्थ्यकर्मी घर–घरमा पुगेर उच्च रक्तचाप जाँचका साथै स्वास्थ्य परामर्श दिंदै। टोल–टोल र घर–घरमा स्वास्थ्यकर्मी भन्ने उद्देश्यका साथ ज्येष्ठ नागरिक, अपाङ्गता, अशक्त र सुत्केरी महिलाको उच्च रक्तचाप जाँचका साथै स्वास्थ्य परामर्श प्रदान गरिएको हो। तस्वीरः रासस

# नेउवामको व्यापार समितिमा गुप्ता मनोनयन

प्रस, वीरगंज, २० वैशाख/

वीरगंज उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष सुबोधकुमार गुप्ता नेपाल उद्योग वाणिज्य महासङ्घ अन्तर्गत गठित व्यापार समितिको सभापतिमा मनोनयन भएका छन् ।

नेउवा महासङ्घको वैशाख ३ गते बसेको पहिलो कार्यकारिणी समितिको बैठकले अध्यक्षलाई अख्तियारी प्रदान गरे बमोजिम गुप्ता व्यापार समितिको सभापति मनोनयन भएका हुन् ।


तस्वीरः सौजन्य

वीउवा सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले नेपाल उद्योग वाणिज्य महासङ्घ अन्तर्गत गठित समितिहरूमध्ये एक महत्त्वपूर्ण समितिको रूपमा रहेको व्यापार समितिको अध्यक्षमा गुप्ताको मनोनयनले यस क्षेत्रमा रहेका व्यापारसम्बन्धी मुद्दाहरूलाई राष्ट्रिय मुद्दाका रूपमा रूपान्तरण गरी समाधानको लागि पहल गर्न सहज भएको बताए । अध्यक्ष गुप्ताले व्यावसायिक क्रियाकलापमा शिथिलता, सङ्कुचित हुँदै गइरहेको आन्तरिक बजार, बैंक तथा वित्तीय संस्थाहरूका नियन्त्रणात्मक भूमिका र बढ्दो ब्याज दरले थिलथिलो भएको वाणिज्य क्षेत्रलाई तत्काल गतिशील र जीवन्त बनाउने दिशामा सरकार तथा सरोकारवाला क्षेत्रसँग समन्वयकारी भूमिका निर्वाह गर्ने बताए ।

# लघुवित्तद्वारा वित्तीय साक्षरता तालिम

चिरञ्जीवी सापकोटा, ठोरी, २० वैशाख/

जन-उत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.को वित्तीय साक्षरता तथा केन्द्र प्रमुख गोष्ठी कार्यक्रम सम्पन्न भएको छ ।



तस्वीरः प्रतीक

पर्सादेखि कञ्चनपुरसम्म १९ जिल्लाका ३९ वटा शाखा कार्यालयमार्फत कारोबार गर्दै आएको यस संस्थाले ठोरी, पर्सा शाखामा आबद्ध बैंकिङ समुदायका केन्द्र प्रमुख लक्षित वित्तीय साक्षरता तालीम तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको हो । कञ्चनजङ्घा बैंकिङ समुदायकी अध्यक्ष रमाकुमारी कुँवरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका केन्द्रीय कार्यलयका कर्जा विभाग प्रमुख भरतकुमार रसाइली, सञ्चालन सामाजिक विकास, ग्राहक संरक्षण तथा प्रवर्द्धन विभाग प्रमुख सन्तोष रसाइली, अनुगमन अधिकृत चेतनारायण रिमाल, ठोरी, पर्सा शाखाका कर्मचारी कल्पना दर्जी, आशाथापा मगर, युवराज थापा, मेनुका नेपाल र शाखा प्रमुखलगायत ठोरी शाखामा आबद्ध केन्द्रका केन्द्र प्रमुखहरू सहित ८२ जनाको सहभागिता रहेको थियो ।

सो तालीमको सहजीकरण अनुगमन अधिकृत चेतनारायण रिमालले गरेका थिए भने केन्द्रीय कार्यलयबाट उपस्थित विभागीय प्रमुख सन्तोष रसाइली र भरत कुमार रसाइलीले प्रशिक्षण दिएका थिए । कार्यक्रममा बोल्दै कर्जा विभाग प्रमुख भरतकुमार रसाइलीले जन उत्थान सधैं सदस्यको साथमा रहेकोले ढुक्क भएर कारोबार गर्न र गलत समाचारहरूको भ्रममा नपर्न, कर्जा सदुपयोग गर्न सुझाव दिएका थिए । केन्द्र प्रमुखको तर्फबाट रमाकुमारी कुँवरले कार्यक्रमबारे बोल्दै समूह सदस्य भ्रममा नपरी कर्जा तथा बचत कारोबार गर्न र कर्जाको सदुपयोग गर्न र उद्यमी बन्न सदस्यलाई प्रेरित गर्दै यस्ता खालका कार्यक्रमले सदस्यका लागि अतिरिक्त ज्ञान हुने भन्दै संस्थालाई धन्यवाद दिंदै आगामी दिनमा पनि यस्तै कार्यक्रम तथा सीपमूलक तालीमको अपेक्षा गरेको बताएकी थिइन् ।

अन्त्यमा उत्कृष्ट बैंकिङ कारोबार तथा अनुशासन कायम गरी प्रथम, द्वितीय र तृतीय हुने समूहलाइ नगद र प्रशंसापत्रले सम्मान गरिएको थियो ।

## प्रेस स्वतन्त्रता दिवस ...

केन्द्रिय सचिव केसी लामिछानेलाई कार्यक्रमका प्रमुख अतिथि मुख्यमन्त्री सरोज यादवले सम्मानित गरेका थिए । उनले प्रदेशको आठै जिल्लामा मेडिकल कलेज खोल्ने बताए ।

चार ठाउँमा स्टाफ नर्सको पठनपाठन तथा अस्पताललाई सय शय्यामा स्तरोन्नति गराउने बताए ।

प्रत्येक जिल्लामा मधेस सरकारको विद्यालय सञ्चालन हुने र ती विद्यालयहरूमा नैतिक शिक्षा अनिवार्य हुने उनले बताए । पत्रकार अक्षयकोषका लागि रु. २५ लाख तथा मधेस पत्रकार महासङ्घले जग्गा उपलब्ध गराए भवन बनाइदिने प्रतिबद्धता जाहेर गरे । उनले सञ्चार ऐन लागू हुँदा धेरै विवाद रहेको बताउँदै आफू सुधारसहितको संशोधनको पक्षमा रहेको बताए । उनले आफ्नो प्रदेशबाट भ्रष्टाचार हटाएर देखाउने दाबी पनि गरे ।

मुख्यमन्त्रीले प्रहरी तथा कर्मचारी समायोजन गरिएको २४ घण्टामा भ्रष्टाचार निर्मूल गरेर देखाउने बताए । उनले पत्रकारहरूलाई सत्य तथ्य समाचार प्रकाशनका लागि मधेस प्रदेश सरकारले तालीम आयोजना गर्ने पनि बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय सदस्य तारानाथ दाहालले कार्यपत्र प्रस्तुत गरेका थिए भने सांसद देवीप्रसाद तिमिल्सिनालगायतले मन्तव्य व्यक्त गरेका थिए ।





- अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा प्रदान गरौं ।
- अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य तथा शिक्षाको अवसर उपलब्ध गराऔं ।
- अपाङ्गता भएका व्यक्तिको सीप र क्षमता विकास गरी आर्थिक क्रियाकलापमा सहभागी बनाऔं ।
- अपाङ्गता भएका उद्यमीको उत्पादनलाई एकीकृत बजारीकरण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## अन्तर कलेज फूटबल प्रतियोगिता

प्रस, वीरगंज, २० वैशाख/

नेशनल मेडिकल कलेजको आयोजनामा अन्तरकलेज फूटबल प्रतियोगिता शुरू भएको छ। कलेजका अध्यक्ष डा जैनुद्दिन अन्सारीले प्रतियोगिताको उद्घाटन गरेका थिए। उद्घाटन समारोहमा कलेजका प्रिन्सिपल डा केएन सिंह, निर्देशक आबिद हुसैन अन्सारी, उपप्रध्यापक रवि गुप्ता, नर्सिङ कलेजकी डा गङ्गा गुरुङ, फूटबल कोअर्डिनेटर महम्मद फिरोज, प्रशिक्षक विश्वेश्वर पटेललगायतको सहभागिता थियो ।


तस्वीरः प्रतीक

उद्घाटन खेलमा इन्टर्नका चिकित्सक टोली विजयी भएको थियो । २१ औं ब्याचको टोलीलाई इन्टर्नले ० का विरुद्ध ४ गोल गरी पराजित गऱ्यो । प्रतियोगिता वैशाख ३१ गतेसम्म सञ्चालन हुने बताइएको छ ।

# बन्द आइसियु सञ्चालन गर्ने तयारी

प्रस, वीरगंज, २० वैशाख/

नारायणी अस्पतालको बन्द अवस्थामा रहेको २३ शय्याको आइसियु वार्ड वीरगंज महानगरपालिकाको सहयोगमा सञ्चालनमा आउने भएको छ ।

नगरप्रमुख राजेशमान सिंहले बुधवार अस्पतालको अनुगमन गर्दै बन्द अवस्थामा रहेको आइसियु वार्ड वैशाख २४ गते आइतवारदेखि पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन आवश्यक जनशक्ति सहयोग गर्ने बताए। आइसियु सञ्चालनमा ल्याउन २८ जना जनशक्ति आवश्यक पर्ने अस्पतालले जनाएको छ ।

यस्तै अस्पतालको प्रसुतिगृहमा बिरामीलाई सहज सेवा प्रदानका लागि आवश्यक संरचना निर्माण गर्न महानगरले आगामी आवमा लगानी गर्ने नगरप्रमुख सिंहले बताए ।


नारायणी अस्पतालको अनुगमन गर्दै नगरप्रमुखलगायत । तस्वीरः सौजन्य

अस्पतालमा आउने बिरामीहरूलाई उपचारमा कुनै कमी नराख्न पनि उनले चिकित्सक, स्वास्थ्यकर्मीलाई आग्रह गरे ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चित्तरञ्जन साहले नगरप्रमुख सिंहलाई अस्पतालको समसामयिक विषयबारे जानकारी गराएका थिए ।

अस्पताल निरीक्षणमा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, नगरप्रमुखको सल्लाहकारद्वय प्रकाश अमात्य, महेश दास, नर्सिङ प्रमुख हेमा थापालगायतको सहभागिता थियो ।

# म काम नगरी असफल हुन चाहन्न -राजेन्द्र लिङ्देन

प्रस, परवानीपुर, २० वैशाख/

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले काम नगरी असफल हुन नचाहेको बताएका छन् । वीरगंज, बसपार्कस्थित सोल्टी गार्डेन होटलको सभाहलमा आयोजित मधेस प्रदेशस्तरीय अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले यस्तो कुरा गरेका हुन् ।


तस्वीरः प्रतीक

"पार्टी सङ्गठन कमजोर छ, त्यसैले सबैजनाले आआफ्नो स्थानबाट सक्रिय भएर लागेर सहयोग गर्नुस्, पार्टीले प्रतिनिधित्व गर्ने थलो संसद्मा बलियो उपस्थिति भएन भने राप्रपाको एजेन्डा सम्बोधन गराउन सकिंदैन"–उनले भने–"त्यसैले म भन्छु, कामै नगरी अध्यक्षले केही गर्न सकेन कसैले नभनोस् ।"

पूर्व उपप्रधानमन्त्री समेत रहेका लिङ्देनले राप्रपाको मुख्य एजेन्डा भनेको सङ्घीयता खारेज गर्नु, राजासहितको हिन्दू राष्ट्र, त्यसका लागि संसद्मा बहुमत प्राप्त गर्ने हिसाबले काम गर्न नेता–कार्यकर्ताहरूसँग अपिल गरे ।

उनले मधेसमा पछिल्लो समय हिन्दूत्वप्रति जनताको आकर्षण बढ्दै गएको र पार्टी सङ्गठन कमजोर हुनु, बाराको चुनावमा भोट नपाउनुजस्ता कुराले पार्टीलाई चिन्तत तुल्याएको चर्चा गर्दै आगामी दिनमा पार्टीको लागि काम गर्ने नेताहरूलाई बिदा एवं काम गर्नेको मूल्याङ्कन गरी सही ठाउँ दिने ठोकुवा

(बाँकी पाँचौं पातामा)